मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

## विकासका लागि राजनीतिक स्थिरता आवश्यकः सञ्चारमन्त्री



समाचार पृष्ठ ५ मा

● वर्ष ३ ● अंक २६४ ● २०८२ साल श्रावण २९ गते बिहीबार ● Thursday 14, August 2025 ● सूर्योदयः बिहान ५:३६ बजे ● सूर्यास्तः साँझ ६:४३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# अविरल वर्षा मधेशमा आयो
# किसानका अनुहारमा मुस्कान छायो



**दिपक कर्ण**
**जनकपुरधाम ।**
लामो समयदेखि खडेरीको मारमा रहेका मधेशका जिल्लाहरूमा यस वर्षको मनसुन अन्ततः सक्रिय भएको छ । बुधबार बिहानदेखि शुरू भएको अविरल वर्षाले जनकपुरधाम र आसपासका क्षेत्रहरूमा गर्मीबाट राहत दिलाएको छ भने किसानहरूमा खुसीको लहर पनि आएको छ । मधेश प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि विकास निर्देशनालयले उपलब्ध गराएको साप्ताहिक धान रोपाइँको विवरण अनुसार आठवटै जिल्लामा कुल खेतीयोग्य क्षेत्रको ८२ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । जिल्लागत विवरणअनुसार, सिरहामा ७३ हजार ९१४ हेक्टर कुल खेतीयोग्य जग्गामध्ये ५४ हजार हेक्टरमा धान रोपाइँ हुने गरेको थियो । अहिलेसम्म भने ३७ हजार हेक्टर अर्थात ७० प्रतिशत क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ । धनुषामा कुल ७६ हजार ५३१ हेक्टर खेतीयोग्य जग्गामध्ये ४३ हजार ७०० हेक्टरमा धान रोपाइँ तय गरिएको थियो । जसमध्ये अहिलेसम्म ३० हजार ५९० हेक्टर अर्थात ७० प्रतिशत क्षेत्रफलमा रोपाइँ सम्पन्न भइसकेको छ ।
बारामा कुल ६९ हजार ९६३ हेक्टर जग्गामध्ये ४६ हजार २० हेक्टरमा धान रोपाइँ हुने लक्ष्य थियो । त्यहाँ अहिलेसम्म ४३ हजार ७१९ हेक्टर अर्थात ९५ प्रतिशत क्षेत्रफलमा रोपाइँ भइसकेको छ । त्यस्तै, पर्सामा कुल ५४ हजार ४०६ हेक्टरमध्ये ३९ हजार ७३१ हेक्टरमा धान रोपाइँ हुने गरेको छ । अहिलेसम्म यहाँ ३६ हजार ५५२.५२ हेक्टर अर्थात ९२ प्रतिशत क्षेत्रफलमा रोपाइँ भइसकेको छ । रौतहटमा ५३ हजार ५४६.३८ हेक्टर खेतीयोग्य जग्गामध्ये ३५ हजार हेक्टरमा रोपाइँ हुने योजना थियो । यस जिल्लामा अहिलेसम्म ३० हजार ६५ हेक्टर अर्थात ८५.९ प्रतिशत क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ । सर्लाहीमा कुल ६५ हजार २००.४ हेक्टर जग्गामध्ये ४३ हजार ६९४ हेक्टरमा धान रोपाइँ हुने गरेको छ । यहाँ अहिलेसम्म ३२ हजार ७७०.५ हेक्टर अर्थात ७५ प्रतिशत क्षेत्रफलमा रोपाइँ भइसकेको छ । त्यस्तै, सप्तरीमा ८१ हजार ६६८ हेक्टरमध्ये ६८ हजार हेक्टरमा रोपाइँ गर्ने लक्ष्य थियो । जसमध्ये ४७ हजार ६०० हेक्टर अर्थात ७० प्रतिशत क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ । महोत्तरी जिल्लामा कुल ६७ हजार ३५२ हेक्टर जग्गामध्ये ४२ हजार ५०० हेक्टरमा धान रोपाइँ हुने गरेको थियो । अहिलेसम्म यहाँ २६ हजार १३७.५ हेक्टर अर्थात ६१.५ प्रतिशत क्षेत्रफलमा रोपाइँ भइसकेको छ । आठै जिल्लाको जम्मा कुल खेतीयोग्य क्षेत्रफल ५ लाख ४२ हजार ५८०.७८ हेक्टर रहेको छ भने कुल धान रोपाइँ हुने क्षेत्र ३ लाख ७२ हजार ६४५ हेक्टर रहेको छ । जसमध्ये अहिलेसम्म २ लाख ८५ हजार २३४.५२ हेक्टर क्षेत्रफलमा रोपाइँ भइसकेको छ । कृषि विकास निर्देशनालयका वरिष्ठ बागवानी विकास अधिकृत प्रदीप यादवले अविरल वर्षाको प्रभावले ८२ प्रतिशतसम्म धान रोपाइँ पुगेको बताए । उनले भने, 'पानीको अभावका कारण किसानहरू मोटर पम्पको सहारामा धान रोप्दै आएका थिए । तर, अब लगातारको वर्षाले बाँकी रोपाइँ समयमा सम्पन्न हुने विश्वास गरिएको छ ।' स्थानीय किसानहरूले यस वर्ष वर्षा ढिलो भएकाले खेतहरू सुक्खा रहेको र यसले कृषि उत्पादनमा असर पर्ने चिन्ता बढाएको बताए । तर, पछिल्लो अविरल वर्षाले खेतमा पर्याप्त चिस्यान ल्याएको छ । यसले धानको उत्पादनमा सुधार हुने विश्वास लिइएको छ । कृषक र स्थानीयका अनुसार वर्षा सक्रिय भएपछि धान रोपाइँमा गति आएको छ । अब बाँकी खेतहरूमा छिट्टै रोपाइँ सम्पन्न हुने अनुमान गरिएको छ । यस वर्ष मधेशका कृषकहरूले वर्षाको सक्रियतासँगै राम्रो उत्पादनको अपेक्षा राखेका छन् । कृषि विकास निर्देशनालयले जिल्लागत तथ्यांक संकलन गरी नियमित अपडेट दिने कार्यलाई निरन्तरता दिइरहेको छ ।

# पर्सामा सम्बन्धविच्छेदका मुद्दा
# घरेलु हिंसाभन्दा दोब्बर



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा घरेलु हिंसाभन्दा सम्बन्धविच्छेदका मुद्दा दोब्बर मात्रामा दर्ता हुने गरेको तथ्याङ्कले देखाएको छ । जिल्ला अदालत पर्साका अनुसार आर्थिक वर्ष २०८०/८१ मा मात्रै ३४३ वटा सम्बन्धविच्छेदका मुद्दा दर्ता भएका छन् । यो घरेलु हिंसासम्बन्धी मुद्दाको तुलनामा झण्डै ३.६ गुणा बढी हो । अदालतको तथ्याङ्कअनुसार दर्ता भएका ३४३ मुद्दामध्ये २६४ वटा मुद्दा फछ्र्यौट भइसकेका छन् भने बाँकी ७९ मुद्दा अहिलेसम्म टुंगो लाग्न बाँकी छन् । जिल्ला अदालतका न्यायाधीश नन्दकिशोरप्रसाद यादवका अनुसार स्थानीय तहको न्यायिक समिति र प्रहरीमार्फत घरेलु हिंसाका धेरैजसो मुद्दामा मेलमिलाप हुने भएकाले अदालतमा पुग्ने मुद्दाको संख्या तुलनात्मक रूपमा कम हुन्छ । तर, सम्बन्धविच्छेदका मुद्दा भने मेलमिलापको सम्भावना न्यून हुने हुँदा अदालतसम्म पुग्ने र फछ्र्यौट हुने क्रम बढी हुने गरेको उनको भनाइ छ । न्यायाधीश यादवका अनुसार पर्सामा सम्बन्धविच्छेदका मुद्दा बढ्नुको एक प्रमुख कारण वैदेशिक रोजगारी हो । रोजगारीका लागि विदेश जाने र लामो समयसम्म घरपरिवारबाट टाढा बस्नुपर्ने बाध्यताले दाम्पत्य सम्बन्धमा दूरी र अविश्वास बढ्ने भएकाले अन्ततः सम्बन्धविच्छेदसम्म पुग्ने गरेको उनले बताए । सामाजिक परिवर्तन, दाम्पत्य जीवनप्रतिको दृष्टिकोणमा आएको फरक, महिलाको आर्थिक आत्मनिर्भरता र कानुनी पहुँच सहज हुनु पनि सम्बन्धविच्छेदको दर बढाउने अन्य कारणका रूपमा देखिन्छ । 'अब महिलाहरू अधिकारबारे सचेत छन्, आर्थिक रूपमा केही हदसम्म स्वतन्त्र छन्, त्यसैले असन्तुष्ट दाम्पत्य जीवन दीर्घकालीन रूपमा सहनुभन्दा कानुनी बाटो रोज्ने प्रवृत्ति बढेको छ,' एक वरिष्ठ अधिवक्ताले भने । गत आर्थिक वर्षमा पर्सा जिल्ला अदालतमा ९५ वटा घरेलु हिंसासम्बन्धी मुद्दा दर्ता भएका थिए । तीमध्ये ५३ मुद्दा फछ्र्यौट भए भने ४२ मुद्दा अझै प्रक्रियामा छन् ।
त्यस्तै, जबर्जस्ती करणीसम्बन्धी मुद्दा पनि उल्लेख्य मात्रामा दर्ता भएका छन् । अदालतका अनुसार गत आवमा ९८ वटा बलात्कारसम्बन्धी मुद्दा दर्ता भएका थिए । त्यसमा ५६ वटा मुद्दा फछ्र्यौट भएका छन् भने ४२ वटा मुद्दा अझै टुंगो लाग्न बाँकी छन् । विशेषज्ञहरूका अनुसार सम्बन्धविच्छेदका मुद्दा बढ्नु समाजमा वैवाहिक सम्बन्धको अस्थिरता र सहिष्णुतामा आएको कमीको सूचक हो । वैदेशिक रोजगारी र शहरीकरणका कारण परम्परागत संयुक्त परिवार प्रणाली कमजोर भएकोले वैवाहिक समस्याहरूलाई समाधान गर्न परिवार वा समाजको भूमिका घटाएको छ । साथै, कानुनी पहुँच र सामाजिक चेतनाले महिलालाई हिंसा वा असन्तुष्टि सहनुभन्दा कानुनी बाटो रोज्ने बाटो खुला बनाइदिएको छ । पर्सा जिल्लाको यो तथ्याङ्क मुलुकभर बढ्दै गएको सम्बन्धविच्छेदको प्रवृत्तिको एउटा प्रतिनिधि चित्र हो । यसलाई केवल पारिवारिक समस्या भनेर हेर्नुभन्दा वैदेशिक रोजगारी, सामाजिक संरचना र आर्थिक अवस्थासँग जोडेर दीर्घकालीन समाधान खोज्नु आवश्यक देखिन्छ ।




# कमला नदीमा १४ वर्षदेखि पुल अलपत्र
# सिरहा–धनुषावासी वर्षायाममा 'जल–कैद'मा



**मधेशदृष्टि**
**सिरहा ।**
सिरहा र धनुषा जिल्लाको सीमाना पार गर्दै बग्ने कमला नदीमा २०६८ सालमा शुरु गरिएको स्थायी पक्की पुलको निर्माण कार्य आजसम्म पूरा भएको छैन । शुरुवाती योजना अनुसार तीन वर्षमै सम्पन्न गर्ने भनिएको पुल १४ वर्ष बित्दा पनि अधुरो छ । यसका कारण विशेषगरी वर्षायाममा यहाँका बासिन्दा 'जल–कैद'मा परेको अनुभूति गर्छन् ।
स्थानीयका अनुसार पुल नहुँदा वर्षायाममा दुवै जिल्लाका बासिन्दा डुङ्गाको सहारामा मात्र आवतजावत गर्न बाध्य छन् । पानी बढ्दा डुङ्गा चढ्दा पनि ज्यान जोखिममा राख्नुपर्ने अवस्था छ । सिरहा नगरपालिका–३ का किशुनदेव यादव विगत धेरै वर्षदेखि दैनिक गाईवस्तुलाई घाँसपात गर्न नदीपार जाने गर्छन् । वर्षा शुरु भएलगत्तै उनका लागि नदी पार गर्नु एक चुनौती बन्छ । 'पानी बढेपछि डुङ्गा चढ्न पनि डर लाग्छ । तर, विकल्प छैन,' यादव भन्छन् । सामान्यतया वर्षा बाहेकको समयमा काठको सानो पुल प्रयोग गर्ने गरिएको थियो । तर, बर्खामा आएको बाढीले काठको पुल बगाएपछि अब बाँकी विकल्प डुङ्गामात्र रह्यो ।
डुङ्गा प्रयोग गर्न यात्रुहरूले प्रतिमोटरसाइकल १०० रुपैयाँ र प्रतिव्यक्ति ५० रुपैयाँ तिर्नुपर्ने बाध्यता छ । कमलामा स्थायी पुल नहुँदा यहाँको समस्या केवल यातायातसम्म मात्र सीमित नभई यसले स्वास्थ्य सेवामा पनि प्रत्यक्ष असर पारेको छ । सिरहा अस्पतालबाट जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा रिफर गरिएका बिरामीलाई घुमाउरो बाटो भएर जानुपर्ने बाध्यता छ । प्रादेशिक अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. सुनिलप्रसाद कुशवाहा भन्छन्, 'नदीको पारिपट्टि धनुषा जिल्लाका बासिन्दा नजिकै भए पनि पुल नहुँदा उनीहरू जनकपुरधामसम्म लामो बाटो हिँड्न बाध्य छन् । गम्भीर प्रकृतिका बिरामीलाई ढिलो पुग्दा बाटैमा मृत्यु हुने जोखिम पनि हुन्छ ।' सिरहा नगरपालिका–६ का वडाध्यक्ष इन्द्रजित यादवका अनुसार पुल नहुँदा पैदलयात्रीले बाँसको फड्के, टायर ट्युब वा डुङ्गाको सहारा लिनुपर्छ । 'पुल बनेको भए बस्ती र बजारबीचको दूरी आधा मात्र हुने थियो, अहिले भने घण्टौं घुम्नुपर्छ,' उनले भने । पुल निर्माणको शुरुवात २०६८ सालमा भएको थियो । करिब तीन वर्षमा सम्पन्न गर्ने भनिएको योजना निर्माण कम्पनीको ढिलासुस्ती, बजेट विनियोजनमा समस्या र ठेक्का प्रक्रियामा बारम्बारको जटिलताका कारण वर्षौं अलपत्र रह्यो । स्थानीयका अनुसार पुल निर्माणका विषयमा पटक–पटक आन्दोलन, ज्ञापनपत्र र दबाब कार्यक्रम भए पनि स्थायी समाधान भएन । कमला नदीमा स्थायी पुल नहुँदा जनजीवन मात्रै नभई जिल्लाको आर्थिक–सामाजिक विकास पनि प्रभावित भएको स्थानीय सरोकारवाला बताउँछन् । उनीहरू भन्छन्, 'यो पुल केवल दुई किनार जोड्ने संरचना मात्र नभई यसले स्वास्थ्य, शिक्षा, बजार र रोजगारीमा पहुँच बढाउनेछ । तर, यो सपना १४ वर्षदेखि कागजमै अड्किएको छ ।'

# मानव अधिकार आयोगले शुरु गर्यो औपचारिक अनुसन्धान



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा अधिवक्ताहरूको समूहद्वारा पत्रकारमाथि भएको आक्रमणबारे राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश कार्यालयले औपचारिक अनुसन्धान थालेको छ । बुधबार आयोगको टोली नेपाल पत्रकार महासंघ मधेश प्रदेश कार्यालयमा पुगेर घटनाबारे विस्तृत विवरण संकलन गरेको हो । मानव अधिकार अधिकृत किरण घिमिरे र राहुलकुमार ठाकुर, सूचना प्रविधि शाखाका कर्मचारी ऋषिकुमार झासहितको टोलीले महासंघका पदाधिकारी तथा घाइते पत्रकारसँग प्रत्यक्ष भेट गरी बयान लिएको आयोगले जनाएको छ । साथै, टोलीले अन्य सम्बन्धित व्यक्तिसँग छलफल गर्दै भौतिक प्रमाण संकलनसमेत गरेको छ । नेपाल पत्रकार महासंघका अनुसार वकिलहरूको आक्रमणबाट महासंघ मधेश प्रदेशका महासचिव शैलेन्द्र क्रान्तिको खुट्टा भाँचिएको छ भने पत्रकार अनिलकुमार निरालाको आँखा सुन्निने चोट लागेको र पत्रकार दिवाकर राईको टाउकोमा गम्भीर चोट पुगेको छ ।त्यस्तै, महासंघकी उपाध्यक्ष ज्योति झा र पत्रकार विनिता यादवमाथि लैङ्गिक संवेदनशीलताविपरीत हातपात र दुव्र्यवहार गरिएको आरोप पनि छ । महासंघले आयोगलाई घटनाको सत्यतथ्य छानबिन गरी दोषी जोसुकै भए पनि कारबाहीको दायरामा ल्याउन आग्रह गरेको छ । साथै, संवैधानिक सर्वोच्चता र कानुनी शासनको मर्यादा कायम राख्न पनि आयोगको ध्यानाकर्षण गराएको छ । घटनाबारे जानकारी आदान–प्रदानको कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजेशकुमार कर्ण, मधेश प्रदेश अध्यक्ष श्यामप्रसाद बन्जारा, सचिव हदिश खुद्दार, धनुषा अध्यक्ष पुरन गुप्तासहितका पत्रकारको उपस्थिति थियो । आयोगका प्रतिनिधिहरूले उपलब्ध विवरण र थप अनुसन्धानका आधारमा छिटो प्रतिवेदन पेस गर्ने प्रतिबद्धता जनाएका छन् ।

# कर संकलनमा मधेश सरकारको सफलता

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ मा विगतका सबै वर्षको तुलनामा सर्वाधिक आन्तरिक राजस्व संकलन गरेको छ । अर्थ मन्त्रालयका सचिव रामकुमार महतोका अनुसार यस वर्ष प्रदेशले ५ अर्ब ५४ करोड ७२ लाख ३३ हजार रुपैयाँ आन्तरिक राजस्व संकलन गरेको हो । यो विगत वर्षको तुलनामा उल्लेखनीय वृद्धि हो । महतोका अनुसार कर प्रशासनको सुदृढीकरण, राजस्व चुहावट नियन्त्रण, डिजिटल प्रणालीको विस्तार र आन्तरिक आर्थिक गतिविधिमा आएको वृद्धिका कारण यो उपलब्धि सम्भव भएको हो । उनले भने, 'विगत सात वर्षको तथ्यांक हेर्दा यो वर्षको संकलन सात वर्ष अघिको भन्दा दोब्बरभन्दा बढी छ । यसले प्रदेशको आर्थिक वृद्धि र कर प्रविधिको सुधारलाई पुष्टि गर्दछ ।' विगतका वर्षहरूको तथ्यांक अनुसार आव ०७५÷७६ मा २ अर्ब ६६ करोड १५ लाख ३६ हजार, ०७६/७७ मा २ अर्ब ७५ करोड ७२ लाख ४१ हजार, ०७७/७८ मा १ अर्ब ९५ करोड ४८ लाख ५१ हजार, ०७८/७९ मा २ अर्ब ८८ करोड ६ लाख ३२ हजार, ०७९/८० मा ३ अर्ब ९० करोड २५ लाख २८ हजार र आव २०८०/८१ मा ३ अर्ब ५ करोड ९२ लाख ३१ हजार रुपैयाँ संकलन भएको थियो । यस वर्षको संकलन प्रदेशको आन्तरिक आम्दानीको क्षेत्रमा अहिलेसम्मकै ठूलो उपलब्धि छ । अर्थ विज्ञ रामकुमार पाण्डेका अनुसार, 'राजस्व संकलनमा आएको यो वृद्धि कर प्रणालीमा सुधार, करदाता सचेतना र डिजिटल प्रणालीको प्रभावलाई देखाउँछ । यसले भविष्यमा प्रदेशको आर्थिक योजना र विकास कार्यक्रमहरूलाई थप सुदृढ बनाउनेछ ।' प्रदेश सरकारले आगामी वर्षमा कर संकलन प्रणालीलाई अझ व्यवस्थित र पारदर्शी बनाउन डिजिटल प्रणाली र अनलाइन कर भुक्तानी विस्तार गर्ने योजना पनि अघि सारेको जनाएको छ ।
सचिव महतोले भने, 'प्रदेश सरकारले कर संकलनमा सुधार ल्याएको मात्र नभई करदातालाई सहज र पारदर्शी सेवा उपलब्ध गराउनमा पनि जोड दिएको छ ।यस कार्यले प्रदेशको आर्थिक विकासमा दीर्घकालीन योगदान पुर्याउनेछ ।'

# पत्रकारमाथि वकिलको आक्रमणप्रति काउन्सिलको निन्दा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
बार एशोसिएशन जनकपुरका केही पदाधिकारी र सम्बद्ध अधिवक्ताहरूले पेसागत मर्यादालाई बेवास्ता गर्दै नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष र पदाधिकारीमाथि अङ्गभंग गर्ने गरी जाइलाग्नु अत्यन्तै घृणित र निन्दनीय कार्य भएको मिडिया काउन्सिलले औंल्याएको छ ।
महासंघ मधेश प्रदेश कार्यसमितिले कार्यालय भवन निर्माणको उद्देश्यले गुठी संस्थानसँग गरेको जग्गा सम्झौता विवादको समाधान कानुनी प्रक्रियाबाट गर्न सकिन्थ्यो । तर, दुई पक्षीय हातपातको क्रममा मिडिया काउन्सिलका पदेन सदस्यसमेत रहेका महासंघका अध्यक्ष श्याम बञ्जारा, उपाध्यक्ष ज्योति झा, महासचिव शैलेन्द्र महतो, पत्रकार अनिल निराला र दिवाकर राय घाइते भएका छन् । मिडिया काउन्सिलले घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।कार्यवाहक अध्यक्ष सुरेश यादवले जारी गरेको प्रेस विज्ञप्तिमा घटनामा संलग्न दोषी अधिवक्तालगायतलाई कानूनअनुसार कारबाही गर्न बार एशोसिएशनलाई नैतिक नेतृत्व प्रदान गर्न आग्रह गरिएको छ । साथै, जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय धनुषालाई सुक्ष्म अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन पनि माग गरिएको छ ।

# गैरसरकारी संस्थाहरूको क्षमता अभिवृद्धिमा जोड



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गैरसरकारी संस्था महासंघको रणनीति, नीति तथा मार्गनिर्देश सम्बन्धी प्रदेशस्तरीय अभिमुखीकरण बुधबार जनकपुरधाममा सम्पन्न भएको छ ।
कार्यक्रमको अध्यक्षता मधेश प्रदेश अध्यक्ष राम बाबु साहले गरेका थिए भने प्रमुख अतिथि महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष नानी मैयाँ थापा थिइन् । प्रमुख अतिथि थापाले अभिमुखीकरणलाई अवसरको रूपमा प्रस्तुत गर्दै भनिन्, 'गैरसरकारी संस्थाहरूले जनताको अधिकार, पैरवी, समानता र दिगो विकासका लक्ष्यप्रति आफ्नो प्रतिबद्धता स्पष्ट र प्रभावकारी बनाउनुपर्छ । नीति निर्माणदेखि संगठनात्मक क्षमता अभिवृद्धि सम्मको काममा एकजुट भएर अघि बढ्न जरुरी छ ।'
अध्यक्ष राम बाबु साहले भने, 'प्रदेशस्तरमा नागरिक समाजका संस्थाहरूको समन्वय र सहकार्य बलियो बनाउने यो अभिमुखीकरण महत्वपूर्ण कदम हो । यसले हामीलाई साझा उद्देश्यतर्फ संगठित बनाउनेछ ।' कार्यक्रममा महासंघका रणनीतिक प्राथमिकता २०३० अन्तर्गत नीति निर्माण, नागरिक अधिकार, जनविश्वास, समानता, दिगो विकास लक्ष्य, संस्थागत क्षमता र साझेदारी सम्बन्धी विषयमा प्रस्तुति र छलफल गरिएको थियो । कार्यक्रममा महासंघका केन्द्रिय सचिव राम चन्द्र साह, पूर्वसचिव वैद्यनाथ चौधरी लगायत विभिन्न जिल्लाबाट आएका प्रतिनिधिहरू, सरोकारवाला निकायका पदाधिकारी र सामाजिक अभियन्ताहरूको सहभागिता रहेको थियो ।

# कारागार घटनाको छानबिन गर्न समिति गठन

**मधेशदृष्टि**
**काठमाडौं ।**
गृहमन्त्री रमेश लेखकले कैलाली कारागारमा साउन २२ गते भएको घटनाको छानबिन गर्न समिति बनाइएको बताएका छन् । बुधवार कानून, न्याय तथा मानव अधिकार समितिको सिंहदरबारमा बसेको बैठकमा उनले यस्तो बताएका हुन् । सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा छानबिन समिति बनाइएको उनले बताए । छानबिन समितिको प्रतिवेदन प्राप्त भएपछि सो आधारमा दोषीमाथि कानूनी कारवाही गर्ने र समितिको प्रतिवेदनअनुसार अरु कार्यहरु गर्ने गरी समिति बनाइएको बताए । समितिले आफ्नो अवधिभित्र प्रतिवेदन दिने बताए । कैलाली कारागारमा भएको झडपमा एक कैदीबन्दीको मृत्यु भएको र ४८ जना घाइते भएका थिए । अस्पतालले रिफर गरेका तीन जनालाई काठमाडौं ल्याइ दुई जनाको ट्रमा सेन्टर र एक जनाको त्रिवि शिक्षण अस्पतालमा उपचार भइरहेको जानकारी दिए । बाँकी चारजना सेती प्रादेशिक अस्पतालमा उपचारपछि डिस्चार्ज भएर सुरक्षा जोखिम नहुने कारागारमा पठाइएको बताए । बाँकी ४१ जना हाल सेती प्रादेशिक अस्पतालमा उपचाररत रहेका छन् । मृतक बन्दीको शव आवश्यक कानूनी प्रक्रिया पूरा गरी परिवारको जिम्मा दिइसकेको पनि बताए ।

# ठेकेदार र कामदार मृत फेला

**मधेशदृष्टि**
**सुनसरी ।**
सुनसरीको दुहवी नगरपालिका–४ मा निर्माणाधीन घरको सेप्टि ट्याङ्कीभित्र ठेकेदार र एक कामदार मृत फेला परेका छन् । दुहवी–२ का ५० वर्षीय श्यामबहादुर तामाङ र ३२ वर्षीय रमेश राई मृत फेला परेका हुन् । तामाङले घर निर्माणको पेटी ठेक्का लिएका र राई कामदार रहेका जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी प्रवक्ता योगराज खतिवडाले जानकारी दिए । बुधबार बिहान १० बजेतिर दुहवी–४ शिव मन्दिर चोकमा रहेको चन्द्रिका रौनियारको निर्माणाधीन घरको ट्याङ्कीमा उनीहरू मृत भेटिएपछि स्थानीयवासीले प्रहरीलाई खबर गरेका थिए । इलाका प्रहरी कार्यालय दुहवीबाट प्रहरी टोली घटनास्थल पुगेको थियो । थप अनुसन्धान तथा फरेन्सिक परीक्षणका लागि धरानमा रहेको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट विशेषज्ञ टोली घटनास्थलमा पुगेको प्रवक्ता खतिवडाले जानकारी दिए ।

# चौधरीलाई नाउपा अध्यक्षको मान्यता दिन अस्वीकार

**मधेशदृष्टि**
**काठमाडौं ।**
निर्वाचन आयोगले लालवीर चौधरीलाई नागरिक उन्मुक्ति पार्टीको अध्यक्षको मान्यता दिन अस्वीकार गरेको छ । आयोगको बोर्ड बैठकले संस्थापक बहुमत सदस्यहरूको भेलालाई मान्यता दिन अस्वीकार गरेको स्रोतले जानकारी दिएको छ । पार्टी संरक्षक रेशम चौधरी पक्षधरको भेलाले साउन १६ गते लालवीर चौधरीलाई अध्यक्षतामा सर्वसम्मत चयन गरेको थियो । त्यसलगत्तै निर्वाचन आयोगमा अद्यावधिकका लागि निवेदन दिइएको थियो । यता, संस्थापक अध्यक्ष रञ्जिता श्रेष्ठले पनि निर्वाचन आयोगमा निवेदन दिएकी थिइन् । विधान विपरीत भेला बोलाएर अध्यक्ष निर्वाचित गरेको भन्दै श्रेष्ठले आयोगमा निवेदन दिएकी थिइन् । दुवैको निवेदन परेपछि आयोगले गत २० साउनमा अध्यक्ष लालवीर चौधरीलाई पत्र काटेर जवाफ मागेको थियो । आयोग स्रोतका अनुसार विधानको कुन धाराबाट अध्यक्ष बनेको भन्दै लालवीर चौधरीलाई पत्र काटिएको थियो ।
यससँगै नाउपाको अध्यक्षमा रञ्जिता श्रेष्ठ कायम भएकी छन् । यद्यपि विवादित अडियो काण्डमा मुछिएपछि रञ्जिताले कार्यवाहकको जिम्मेवारी पोखराका शिव बास्तोलालाई दिएकी थिइन् ।


## कलैया उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कलैया, बारा, मधेश, प्रदेश
**प्रथम पटक प्रकाशित मिति २०८२/०४/२९**

**सूचना !** **सूचना !!** **सूचना !!!**

कलैया उपमहानगरपालिका अन्तर्गत सामुदायिक विद्यालयमा तपसिल अनुसारको विषयमा माध्यमिक तह (९-१०) को लागि शिक्षण सहयोग अनुदान कोटामा शिक्षक पदपूर्ती गर्न शिक्षक छनोट समितिको मिति २०८२/०४/२८ गतेको निर्णयानुसार रित पुगेका उम्मेदवारहरुले तपसिलका पद र विषयमा आवेदन दर्ता गराउन यो सुचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं | तह | श्रेणी | विषय | माग संख्या | अनुदानको प्रकार | आवश्यक न्युनतम योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/२०८२/०८३ | माध्यमिक | तृतीय | अंग्रेजी | १ | शिक्षण सहयोग अनुदान संघ | सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको |
| २ | ०२/२०८२/०८३ | माध्यमिक | तृतीय | विज्ञान | १ | शिक्षण सहयोग अनुदान संघ | सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको |
| ३ | ०३/२०८२/०८३ | माध्यमिक | तृतीय | गणित | १ | शिक्षण सहयोग अनुदान संघ | सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको |

* परीक्षा दस्तुर :- रु १०००/- मात्र।
* आवेदकको उमेर हद :-दरखास्त दिने अन्तिम दिन सम्म १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको,
* सेवा अवधी :- हाललाई आ.व. २०८२/०८३ को लागि मात्र, पछि म्याद थप गर्न सकिने।
* पाठ्यक्रम :- शिक्षक सेवा आयोगले तोकेबमोजिम,
* परीक्षाको किसिम :- लिखित र अन्तरवार्ता,

**संलग्न गर्नुपर्ने कागजातहरुः**
१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२. शैक्षिक योग्यता (SLC /SEE देखि न्युनतम योग्यता सम्म) को प्रमाणपत्रहरुको प्रतिलिपि, र २ वटा फोटो
३. स्थायी शिक्षक अध्यापन अनुमति पत्रको प्रतिलिपि

* राजस्व बुझाउने कार्यालय :- राजस्व शाखा, नगरकार्यपालिकाको कार्यालय, कलैया उपमहानगरपालिका,
* दरखास्त पाउने र बुझाउने कार्यालय :- शिक्षा युवा तथा खेलकुद महाशाखा, कलैया उपमहानगरपालिका,
* दरखास्त दिने मिति :- २०८२/०४/२९ गते देखि २०८२/०५/१२ गते सम्म, कार्यालय समय भित्र,
* तलव स्केल :- नेपाल सरकारको नियमानुसार
* सम्पर्क मिति र स्थान :- २०८२/०५/१३ गते शिक्षा युवा तथा खेलकुद महाशाखा, कलैया उपमहानगरपालिका।

**- शिक्षक छनौट समिति (संयोजक)**

# नगरपालिकाको तर्फबाट साजबाज उपहार



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको फतुवा विजयपुर नगरपालिकाले संस्कृतिकर्मीलाई साजबाज उपलब्ध गराएको छ । फतुवा विजयपुर नगरपालिकामा रहेका शिवचर्चा मण्डलीलाई विभिन्न किसिमका वाद्ययन्त्र उपलब्ध गराइएको हो । कार्यवाहक नगर प्रमुख अम्बेया खातुनले शिवचर्चा मण्डलीलाई हारमुनियम, मादल, झ्याली, एम्प्लीफायरसहित हर्न र माइक सेट निशुल्क उपलब्ध गराएकी हुन् । सांस्कृतिक काममा महिलाहरुको पनि सहभागिता वृद्धि हुँदै गएको भन्दै कावा नगर प्रमुख खातुनले संस्कृति प्रवद्र्धनमा नगरपालिकाले पनि सहयोग गर्नुपर्ने आवश्यकता महसुस गरी साजबाज उपलब्ध गराएको बताएकी छन् । फतुवा विजयपुर–७ हर्षाहामा रहेको शिवचर्चा मण्डलीका नेतृत्वकर्ता चनरदेव दासले नगरपालिकाको कामको प्रशंसा गरेका छन् । संस्कृतिको संरक्षण तथा विकासमा आफूहरुले निरन्तर काम गरिरहेको बताउँदै दासले भौतिक विकाससँगै सांस्कृतिक विकास पनि आवश्यक रहेको बताए । प्रमुख प्रशासकीय अधिकृत भरत प्रसाद यादवले नगरपालिकाको नीति तथा कार्यक्रमअनुसार नै संस्कृतिकर्मीलाई नगरपालिकाको तर्फबाट उपहार प्रदान गरिएको बताए ।

संस्कृतिकर्मीलाई साजबाजको अभावमा भइरहेको कठिनाइलाई नगरपालिकाले बुझेर सामग्री उपलब्ध गराइएको यादवको भनाइ छ । फतुवा विजयपुर नगरपालिका–७ हर्षाको शिवचर्चा मण्डली शिवचन्द्र यादवले संस्कृति संरक्षणमा योगदान दिनको लागि नगरपालिकाले उपलब्ध गराएको साजबाजले संस्कृतिकर्मी सम्मानित भएको महसुस भएको बताएका छन् । नगरको पेटभर्वा, टेंग्राहा, विजयपुर, रामदासीसमेतमा पनि शिवचर्चा मण्डली रहेको जिन्सी शाखा प्रमुख हरेन्द्र यादवको भनाइ छ । गत आवकै योजनाबाट संस्कृतिकर्मीलाई सामग्री उपलब्ध गराइएको जिन्सी प्रमुख यादवले जानकारी गराएका छन् । साजबाज प्राप्त गरेपछि नगरका संस्कृतिकर्मी खुसी भएका छन् । संस्कृति बचाउन तथा प्रवर्धन गर्ने साजबाजले निकै सहयोग गर्ने संस्कृतिकर्मी दासको भनाइ छ । सामग्रीले कलाकारहरुलाई निकै सहज हुने र श्रद्धालुलाई पनि सजिलो हुने विश्वास आफूहरुले लिएको दासको दाबी छ ।

# खोलाको डिलमा नवजात शिशुको शव

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको धनगढीमाई नगरपालिका–१० स्थित बाबुराम खोलाको डिलमा एक नवजात शिशुको शव भेटिएको छ । खोलाको डिलमा रहेको झाडीमा कपडामा बेरिएको अवस्था नवजात शिशुको शव फेला परेको हो । प्रहरीका अनुसार भर्खरै जन्मिएको देखिने मृत शिशु बालक हुन् । बुधबार बिहान ९ बजे स्थानीयले शिशु फालिएको देखेपछि प्रहरीलाई खबर गरेका थिए । प्रहरीले मुचुल्का लगायतका कार्य गरि यस सम्बन्धमा थप अनुसन्धान र शिशु फाल्नेको पहिचान तथा खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डीएसपी वीरेन्द्रकुमार पासवानले जानकारी दिए ।

# दुर्घटनामा ज्यान गुमाएका दम्पत्तिको एउटै चितामा अन्त्येष्टि

**मधेशदृष्टि**
**सप्तरी ।**
विराटनगर जाने क्रममा भएको सवारी दुर्घटनामा ज्यान गुमाएका सप्तरीको तिरहुत गाउँपालिका–३ गोइठीका ६० वर्षीय सेवा निवृत्त अमिन जिवछ महात्मा र उनकी ५२ वर्षीया श्रीमती अनारदेवी यादवको एउटै चितामा अन्त्येष्टि गरिएको छ ।

परिवारका सदस्य शुशिला यादवले जानकारी दिइन् । राजविराजबाट विराटनगरतर्फ जाँदै गरेको प्र २–०१–००१ ज ००४७ नम्बरको विंगर र काँकडभिट्टाबाट खोटाङको दिक्तेलतर्फ जाँदै गरेको मे १ ख १७९९ नम्बरको बस सोमबार ठोक्किँदा दुर्घटना भएको थियो ।

दुर्घटनामा श्रीमतीको घटनास्थलमै मृत्यु भएको थियो भने श्रीमान उपचारको क्रममा अस्पतालमा सोही दिन ज्यान गुमाएका थिए । साथै, दुर्घटनामा महादेवा गाउँपालिका–६ का ३५ वर्षीय शंकर मण्डल, विराटनगर–१० का ४० वर्षीय अशोक यादव र सुनसरीको कोशी गाउँपालिका–६ बस्ने ७० वर्षीय लक्ष्मण सदा गरी पाँच जनाको मृत्यु भएको छ भने २३ जना घाइते भएका छन् ।

# गोठघरमा झुण्डिएको अवस्थामा फेला

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको विश्रामपुर गाउँपालिका–५ नकटुवामा एक १५ वर्षीया किशोरी आफ्नै गोठघरमा झुण्डिएको अवस्थामा मृत फेला परेकी छन् । इलाका प्रहरी कार्यालय प्रसौनीका अनुसार मृतक रामानन्द महतो नुनियाकी छोरी नन्दनी कुमारी महतो हुन् । घटना मंगलबार राति करिब ८ बजे भएको बताइएको छ । स्थानीयले नन्दनीलाई झुण्डिएको देखेपछि तत्काल प्रहरीलाई खबर गरेका थिए । प्रहरी टोलीले घटनास्थलमा पुगेर मुचुल्का तयार पारेको र शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल कलैयामा पठाइएको जानकारी दिएको छ । प्रहरीका अनुसार घटना हत्या हो वा आत्महत्या भन्नेबारे पोष्टमार्टम रिपोर्ट र थप अनुसन्धानपछि मात्र निश्चित हुनेछ । प्रारम्भिक अनुसन्धानमा कुनै स्पष्ट कारण खुलेको छैन ।

# बहुदरमाईमा भीषण आगलागी

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बहुदरमाई नगरपालिका–२ मा बुधबार बिहान भएको आगलागीमा एक स्थानीयको कच्ची घर र गोठ पूर्णरूपमा जलेर नष्ट भएको छ ।

आगलागीमा घरभित्र रहेका लत्ताकपडा, भाँडावर्तन, अन्नपातसँगै गोठभित्रका पाडा र बाख्रासमेत जलेर मरेका छन् । जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार बिहान करिब सवा ५ बजे भैंसीका लागि खोले पकाउन चुल्होमा बालिएको आगोबाट अचानक घर र गोठमा आगो सल्किएको हो । पीडित राजु रामको घर र गोठमा लागेको आगो प्रहरी र स्थानीयवासीको सहयोगमा नियन्त्रणमा लिइएको छ । आगो निभाउने क्रममा घरधनी राजु राम जलेर घाइते भएका छन् । उनको उपचार वीरगंजस्थित नारायणी अस्पतालमा भइरहेको प्रहरीले जनाएको छ । आगलागीबाट अन्दाजी ४ लाख ५० हजार रुपैयाँ बराबरको धनमालको क्षति भएको प्रहरीले जनाएको छ ।

# करेन्ट लागेर एकको मृत्यु

**सप्तरी ।**
सप्तरीको तिरहुत गाउँपालिका–१ मा करेन्ट लागेर बुधबार एक व्यक्तिको ज्यान गएको छ ।

स्थानीय क्रिकोल गाउँका भूपेन्द्र बिराजी यादवको करेन्ट लागेर मृत्यु भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधव काफ्लेले जानकारी दिए । काफ्लेका अनुसार ४० वर्षीय यादवलाई आफ्नै घरमा पङ्खाको तार जोड्ने क्रममा करेन्ट लागेको थियो ।

उपचारका लागि भारदहस्थित भारदह अस्पतालमा पठाइएको भए पनि त्यहाँ उपचारको क्रममा मृत्यु भएको प्रहरीको भनाइ छ । रासस

# विद्यार्थीलाई ब्याच वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको मदरल्यान्ड स्कुलमा विद्यार्थीहरुलाई ब्याच वितरण गरिएको छ । कक्षा मनिटर, हेड ब्वाय र हेड गर्लको ब्याच बुधबार एक कार्यक्रमका बीच वितरण गरिएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै वडा प्रहरी कार्यालय विर्ताका प्रमुख प्रहरी प्रमुख निरोज चौलागाईंले विद्यालयमा नेतृत्व र जिम्मेवारीको अभ्यास अत्यन्तै आवश्यक रहेको बताउँदै विद्यार्थीहरूलाई अनुशासन, इमानदारी र परिश्रमका माध्यमबाट उदाहरणीय नेतृत्व प्रस्तुत गर्न आग्रह गरे । सो अवसरमा नेशनल प्याब्सन वीरगंज महानगर अध्यक्ष सोनालाल पटेल, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मधेश प्रदेश विभाग प्रमुख रामसुन्दर आर्या, गुनासो तथा व्यवस्थापन विभाग प्रदेश प्रमुख नरेन्द्र कुमार यादव, समाजसेवी कन्हैया केशरीलगायतको उपस्थितिमा ब्याच वितरण गरिएको हो । मदरल्यान्ड स्कुलका संस्थापक एवम् नेशनल प्याब्सनका केन्द्रीय उपाध्यक्ष नन्दन यादवको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो ।

# अवकाशप्राप्त २५ शिक्षक सम्मानित



**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको विष्णुपुर गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्रका विद्यालयमा कार्यरत रही अवकाश प्राप्त २५ जना प्रधानाध्यापक तथा शिक्षकलाई विशेष समारोहका बीच सम्मान गरेको छ । २०७४ साउन १ गतेदेखि २०८१ चैत मसान्तसम्म सेवा अवधी पूरा गरी अवकाश पाएका शिक्षकलाई पालिका अध्यक्ष उमेश प्रसाद यादवले फूलमाला, अबिर, दोसल्ला र सम्मानपत्र प्रदान गर्दै कदर गरेका हुन् । कार्यक्रमका प्रमुख अतिथि समेत रहेका अध्यक्ष यादवले शिक्षण पेशामा दीर्घकालीन सेवा गरेर नयाँ पुस्ता निर्माणमा पुर्याएको योगदान अतुलनीय रहेको उल्लेख गरे । उनले अवकाशपछि पनि शैक्षिक उन्नयनमा सक्रिय रहन आग्रह गर्दै भने, 'शिक्षक आफैंमा सम्मानित पेशा हो । नयाँ पुस्ताका शिक्षकहरूले अग्रजहरूबाट सिक्नुपर्ने धेरै कुरा छन् ।' सम्मानित अवकाशप्राप्त शिक्षकहरूको तर्फबाट गुञ्जेश्वर मण्डलले जीवनभरको कमाइ नै सम्मान भएको उल्लेख गर्दै पालिकाले गरेको कदरप्रति आभार व्यक्त गरे । कार्यक्रममा शिक्षा शाखा प्रमुख रामेन्द्रनाथ यादव, वडा अध्यक्षहरू, विद्यालयका प्रधानाध्यापक, शिक्षक, कर्मचारी र स्थानीयबासीको उपस्थिति थियो ।

# तलब वृद्धिको माग गर्दै ज्ञापनपत्र



**मधेशदृष्टि**
**रौतहट**
नेपाल विद्यालय कर्मचारी युनियन नगर कार्यसमिति फतुवा विजयपुर नगरपालिकाले विद्यालयका लेखापाल तथा कार्यालय सहयोगीहरूको पारिश्रमिक वृद्धि गर्न माग गर्दै कार्यवाहक नगरप्रमुख अम्बेया खातुनको नाममा रहेको ज्ञापनपत्र प्रमुख प्रशासकीय अधिकृत भरत प्रसाद यादवलाई बुझाएको छ । नगर समितिको मंगलबार बसेको बैठकको निर्णय अनुसार बुझाइएको उक्त ज्ञापनपत्रमा लेखापालहरूलाई प्राविधिक सहायक तृतीय श्रेणी र कार्यालय सहयोगीहरूलाई निजामती कार्यालय सहयोगी (श्रेणीविहीन) सरहको पारिश्रमिक उपलब्ध गराउन माग गरिएको छ ।

हाल नेपाल सरकारले लेखापाललाई रु.१५ हजार र कार्यालय सहयोगीलाई रु.१० हजार मात्र मासिक पारिश्रमिक उपलब्ध गराउँदै आएको उल्लेख गर्दै युनियनले यस्तो तलबमा दैनिक जीवन यापन गर्न अत्यन्त कठिन भएको जनाएको छ । उक्त माग नगर परिषदबाट आगामी बजेट बिनियोजनको क्रममा समावेश गर्न अनुरोध गरिएको छ ।

ज्ञापनपत्रमा युनियनका सचिव महेश कुमार यादव र अध्यक्ष सुरेश कुमार लामिछानेको हस्ताक्षर रहेको छ ।

# अनलाइन र क्रिप्टो लगानीमा ठगी गरेको आरोपमा बर्णवाल पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
विभिन्न व्यक्तिलाई ठगेको आरोपमा 'अल्ट्रा अभियान'का सञ्चालक दीपेश बर्णवाललाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले बुधबार बिहान वीरगंज महानगरपालिका–१६, गणेशटोलस्थित डेराबाट उनलाई नियन्त्रणमा लिएको हो । बर्णवाल वीरगञ्ज महानगरपालिका–१० रानीघाटका स्थायी बासिन्दा हुन् । प्रहरीका अनुसार बर्णवालविरुद्ध कृष्ण कुशवाहाले ठगीको जाहेरी दिएका थिए । कुशवाहाको नाममा बर्णवालले काटेको २२ लाख रुपैयाँको चेक भुक्तानीका लागि बैंकमा प्रस्तुत गर्दा सम्बन्धित खाता नै बन्द भएको भेटिएको थियो । यसपछि जाहेरीका आधारमा प्रहरीले उनलाई पक्राउ गरी पर्सा जिल्ला अदालतमा पेश गरेको छ । अदालतले ठगी सम्बन्धी कसुरमा थप अनुसन्धानका लागि सात दिनको म्याद अनुमति दिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक किशोर लम्सालले जानकारी दिए । डीएसपी लम्सालका अनुसार बर्णवालले अनलाइन व्यापार र लगानीको नाममा विभिन्न व्यक्तिबाट लाखौँ रुपैयाँ उठाएको प्रारम्भिक अनुसन्धानले देखाएको छ । उनले संकलित रकमलाई नेटवर्किङ व्यवसाय र क्रिप्टोकरेन्सीमा लगानी गर्दै आएको आरोप छ । बर्णवाल 'अभियान डिजिटल वर्ल्ड', 'अल्ट्रा



अभियान', 'कबाड पसल', 'ऋषि आदिवासी तेल' लगायतका व्यापार सञ्चालन गर्दै आएका थिए । यिनै व्यापारका माध्यमबाट उनले प्रभावित बनाउने, उच्च मुनाफाको आश्वासन दिने र रकम असुली गर्ने गरेको पीडितहरूले दाबी गरेका छन् । प्रहरीले बर्णवालको व्यापारिक र व्यक्तिगत बैंक खाताको विवरण संकलन गर्दै सम्भावित पीडितहरूलाई सम्पर्कमा ल्याउने कार्य गरिरहेको जनाएको छ । 'उनीसँग संलग्न अन्य व्यक्तिहरूको समेत भूमिकाबारे अनुसन्धान भइरहेको छ,' डीएसपी लम्सालले भने ।

सम्पादकीय

# सधैँ अशान्ति छाउने कारागार र बालगृहहरु

*कैलाली कारागारमा भएको झडपले सरकारले सूचना पाएर पनि तयारी नगरेको विषय बाहिर चुहिएको छ। कैलाली मात्रै होइन, नेपालका विभिन्न जिल्लाका कारागार, बालगृहरु बेलाबखत अशान्त हुने गरेको छ। यसमा खासगरी राज्यपक्षको मौनता प्रमुख समस्या बन्ने गरेको छ। बुधबारको प्रतिनिधिसभाअन्तर्गत कानून, न्याय तथा मानवअधिकार समितिले कैलालीस्थित कारागार कार्यालय परिसरभित्र साउन २३ गते भएको घटनाको निष्पक्ष छानबिन गरी दोषीउपर कानूनबमोजित कारबाही गर्न सरकारलाई निर्देशन दिएको छ।*

*समितिको बैठकले घटनामा पीडितलाई नियमानुसार क्षतिपूर्ति उपलब्ध गराउने आवश्यक प्रबन्ध गर्न पनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गृह मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई निर्देशन दिएको हो। देशका विभिन्न जिल्लामा अवस्थित कारागारमा समयसमयमा हुने गरेका यस्ता झडप तथा कुटपिटका घटना दोहोरिन नदिन कारागार प्रशासनलाई थप जिम्मेवार बनाउने र कैदीबन्दीमध्येबाट नेतृत्व छनोट गरी कारागारभित्रको आन्तरिक व्यवस्थापनको जिम्मेवारी दिने प्रावधानको पुनरावलोकन गर्न समितिले सरकारलाई निर्देशन गरिएको छ।*

*यस्तै, अपराधको प्रकृति, बन्दीको संख्या र स्वभावअनुसार फरकफरक ब्लक वा कारागारमा राख्ने, कैदीबन्दीलाई श्रम र उत्पादनसँग जोड्नेलगायत विषयसहितको आवश्यक रणनीति तय गरी प्रभावकारी कार्यान्वयन गर्न पनि समितिले निर्देशन दिएको छ।*

*नीतिगत, कानूनी तथा संरचनागत प्रबन्धहरूमा समयसामयिक सुधार गर्न जरुरी देखिएको छ। कारागारभित्र आवश्यक भौतिक संरचना निर्माण र प्रत्येक प्रदेशमा कम्तीमा एउटा नमूना कारागार निर्माण गर्न, क्षमताभन्दा बढी कैदीबन्दी राख्न नपर्ने अवस्था सुनिश्चित गर्न पनि बेलाबखत आवाज उठ्ने गरेको छ। कारागारहरूको सुरक्षा व्यवस्था प्रविधिमैत्री, सक्षम तथा सबल बनाउन र देशैभरिका कारागारलाई मानव अधिकारमैत्री बनाउँदै सुधारगृहका रूपमा विकास गर्ने योजना पनि गफमा सीमित छ।*

# जनताका आशा र अपेक्षा पुरा गर्न हरसम्भव प्रयास



**केपी शर्मा ओली**

मेरो नेतृत्वमा सरकार गठन भएपछि विकास निर्माणका कामको गतिमा कस्तो परिवर्तन आयो, म यस विषयमा उल्लेख गर्न चाहन्नँ । विगतको सरकारको काम गर्ने गति कस्तो थियो र अहिलेको सरकारको कस्तो छ, सार्वजनिक तथ्यका आधारमा आफैँ विश्लेषण गर्न माननीयज्यूहरुलाई आग्रह गर्दछु । गत महिना प्रतिकूल मौसमका बाबजुत म हुम्ला पुगेँ । सडक सञ्जालले सदरमुकाम जोडिन बाँकी एकमात्र जिल्ला हुम्लाको सिमीकोट त्यसदिनदेखि सडक सञ्जालमा जोडियो । खार्पुनाथ गाउँपालिकाको चुवाखोलामा बनेको बेलिब्रिज सञ्चालनमा आएपछि कर्णाली करिडोरले हाम्रो उत्तरी छिमेकी चीन र दक्षिणी छिमेकी भारतलाई सडकमार्फत जोड्ने छ । बाँकेपारि भारतको सीमावर्ती क्षेत्र जामुनियाँ र हुम्लाको हिल्सापारि चीनको सीमावर्ती क्षेत्र यस सडकले जोडिएपछि त्रिदेशीय कनेक्टीभिटी बढाउँछ । त्यो पुल, यही सरकार आएपछि निर्माण थालेर काम सकिएको हो ।

हाम्रो ध्यान कता छ भन्ने जानकारी दिन मात्रै मैले यो प्रसंग उल्लेख गरेको हुँ । मलाई सम्झना छ– नेपाललाई चाहिने इन्धन दैलेखको भूगर्भभित्र छ, त्यसलाई उत्खनन गर्छुभन्दा गालीको वर्षा भएको र सामाजिक सञ्जालमा ट्रोल गरिएको । काम गर्छुभन्दा, नयाँ परिणाम ल्याउँछुभन्दा पाएका गालीप्रति मलाई कुनै गुनासो छैन । तर, खुसीको कुरा दैलेखमा ११२ अर्ब घनमिटर ग्यास फेला परेको छ र एक वर्षभित्र त्यसको उत्पादन गर्नेगरी सरकार लागेको छ । यसले इन्धनमा आत्मनिर्भरता बढाउने र विदेश जाने मुद्रालाई नेपालमै रोक्ने काम गर्नेछ ।

नवलपरासीको धौवादीमा नेपाललाई एकसय वर्ष पुग्ने फलाम खानी फेला परेको मात्रै होइन, त्यसको उत्खनन गर्न कम्पनी निर्माण गरी काम अघि बढाइको छ । आजको भोलि नै नहोला, तर नेपालको आत्मनिर्भरतातर्फको यात्रामा यसले ठूलो अर्थ राख्छ र यसको व्यावसायिक उत्पादन विसं २०८५ भित्रै सुरु गर्ने लक्ष्य रहेको छ । धौवादीमा फलाम खानी छभन्दा विगतमा पाएको गालीगलौज त मैले बिर्सिसकेको छु ।

नेपालले लगातार दुई वर्षसम्म आइसिसी डिजिटल फ्यान इन्गेज्मेन्ट अवार्ड पाएबाट नेपाली युवाहरु कति क्रिकेटप्रेमी छन् भन्ने देखाउँछ । युवाहरुको त्यही चाहना बुझेर यो सरकारको पहिलो क्याबिनेट बैठकले कीर्तिपुरको क्रिकेट रङ्गशालामा प्यारापिट बनाउने र फ्लडलाइट जोड्ने निर्णय गरेको थियो । त्यो काम अहिले अन्तिम चरणमा पुगेको छ । देशैभर क्रिकेटलगायत अन्य खेलकुद संरचनाहरु बनिरहेका छन् ।

निर्माणका क्रममा प्रक्रियावादले दिएको झण्झट, अवरोधका गलत मनसायसहित हालिएको मुद्दा र अनपेक्षित मौसमको प्रतिकूलताका वावजुद कीर्तिपुरको क्रिकेट रङ्गशाला निर्माण अन्तिम चरणमा पुगेको छ । 'प्यारापिट बन्यो ?' 'फ्लडलाइट जोडियो ?' भन्नेजस्ता प्रश्न गर्ने साथीहरुलाई एक पटक संसदीय समितिका केही माननीय सदस्यहरुले अवलोकन भ्रमण गरेझैँ कीर्तिपुर रङ्गशालाको अवलोकन–भ्रमणका लागि सिफारिस गर्छु । यसपटक, प्यारापिट निर्माण र फ्लडलाइट फिट गर्ने काम सकिएपछि अत्याधुनिक रङ्गशाला निर्माणको दोस्रो चरणको काम थालिने छ ।

म माननीय सदस्यज्यूहरुलाई आग्रह गर्न चाहन्छु–सरकारको काम गर्ने गतिको तुलनात्मक अध्ययन गर्ने हो भने पनि गरौँ । सङ्घीय संसद्को रेकर्डमा रहेका कुराहरुलाई नै म यहाँ उल्लेख गर्न चाहन्छु ।

राष्ट्रियसभामा अघिल्लो सरकारको तर्फबाट १८ महिनाको अवधिमा आठ वटा विधेयक दर्ता भए । यो सरकार आएपछि १२ महिनाको अवधिमा छ वटा विधेयक दर्ता भए । अघिल्लो सरकारको १८ महिनाको अवधिमा प्रतिनिधिसभामा २४ वटा विधेयक दर्ता भएकोमा यो सरकारको १२ महिनामा २५ वटा विधेयक दर्ता भए ।

सङ्घीय संसद्बाट पारित कूल विधेयकमध्ये अघिल्लो सरकारको १८ महिनाको अवधिमा १४ वटा र यस सरकारको १२ महिनाको अवधिमा २३ वटा विधेयक पारित भएका छन् । तुलना यही हो, मूल्याङ्क यहाँहरुले नै गर्नु भए हुन्छ । यो सरकार गठन हुँदा निर्माण ठप्प भई अलपत्र रहेको, ठेक्का तोड्नुपर्ने अवस्थामा पुगेको नारायणगढ–बुटवल पूर्वी सडकखण्ड स्तरोन्नतिको कार्य ७० प्रतिशतभन्दा बढी काम सम्पन्न भइसकेको छ । आगामी वर्षसम्म यो सडक निर्माण सम्पन्न भइसक्ने छ ।

मुग्लिन–पोखरा सडक आकर्षक बनेको छ । यो, मैले भनिरहन पर्दैन, त्यहाँ यात्रा गर्ने जो कोहीले पनि भनिरहनु नै भएको छ । मुग्लिन नौबिसे खण्डको काम पनि धमाधम भइरहेको छ । नागढुङ्गा–नौबिसे सुरुङ अबका केही समयभित्रै सञ्चालनमा आउने छ । प्राविधिक हिसाबले चुनौतीपूर्ण मानिएको सिद्धबाबा सुरुङमार्गको मुख्य टनेलको ब्रेक थ्रु भएको छ, समग्र निर्माण कार्य करिब ६० प्रतिशत सम्पन्न भएको छ । देशका विभिन्न भागमा सुरुङमार्गका काम भइरहेका छन् ।

उपत्यकाभित्रका सडकमा ओभरपास र फ्लाइओभर सञ्चालनमा आएका छन् । यसै अवधिमा ललितपुरको ग्वार्कोमा फ्लाइओभरको निर्माणकार्य सम्पन्न भएको छ । ट्राफिक समस्या समाधानका लागि यस्ता फ्लाइओभर अन्य सहरी क्षेत्रमा समेत निर्माण गरिनेछ । काठमाडौँ–तराई द्रुतमार्गको काम द्रूत गतिमै भइरहेको छ ।

अनलाइनमार्फत फेसलेस सेवा विस्तार गरिएको छ, सुशासन अभिवृद्धि र सार्वजनिक सेवामा छरितोपन बढाउँदै लगिएको छ । अनलाइनमार्फत अतिरिक्त कक्षा चलाएर एसइई परीक्षामा उत्तीर्ण हुनेको संख्या गत वर्षको तुलनामा १३ दशमलव ९४ प्रतिशतले वृद्धि भएको छ । ३.२ र सो भन्दामाथिको औसत ग्रेड प्वाइन्ट प्राप्त गर्ने विद्यार्थीको प्रतिशत समेत गत वर्षभन्दा ८.०८ प्रतिशतले बढेर २९.३८ प्रतिशत पुगेको छ । मैले सरकारको प्राथमिकतालाई सङ्केत गर्न मात्रै यी तथ्य उल्लेख गरेको हुँ । परिणामलाई कसरी लिने भन्ने कुरामा प्रतिपक्षको फरक राय आउन सक्छ ।

माने, खाली त खाली नै होला– हेर्ने तरिका न हो ।

**आधा खाली कि आधा भरी ?**

मेरो दाबी छ, यो सरकारको काम आधा खाली हैन, आधा भरी हो । हो, फाटेको पोसाक टाल्दा हुने अनुभूति र नयाँ सिलाएको पोसाकले दिने अनुभूति निश्चिय नै फरक हुन्छ । अहिले यो सरकार, ब्राण्ड न्यू हैन, भत्किएको रेट्रोफिट गर्न, पारिएको प्वाल टाल्न र झरी वर्षाले बगाएपछिको नवनिर्माण गर्ने आधार तयार गर्न व्यस्त छ ।

**केही उदाहरण प्रस्तुत गर्न चाहन्छु, हामी सरकारमा आएपछि:**

यो एक वर्षभित्र तीन दर्जन ऐन कानुनहरू संशोधन भए । यसले देशमा सुशासन प्रवद्र्धन गर्न, सेवा प्रवाहलाई सरल बनाउन, लगानीमैत्री वातावरण वनाउन र वैदेशिक लगानी आकर्षित गर्न ठूलो काम गरेको छ, आर्थिक क्षेत्रमा उत्साहजनक नतिजाहरु ल्याएको छ ।

यो कार्यकालमा आर्थिक वृद्धिदर ४.६ प्रतिशत पुगेको छ । हाम्रो अर्थतन्त्र रु चार खर्बले विस्तार भएको छ । भनिरहन नपर्ला, गत वर्षको आर्थिक वृद्धिदर ३.७ प्रतिशत मात्र थियो । देशका विभिन्न स्थानमा भएका विपद्जन्य घटना र विश्वव्यापी प्रतिकूलता बीच पनि राजस्व सङ्कलनमा ११.३ प्रतिशतले वृद्धि भएको छ ।

यो सरकारको कार्यकालको पहिलो ११ महिनामा विप्रेषण आप्रवाह १५.५ प्रतिशतले बढेको छ । यो रु १५ खर्ब ३३ अर्ब पुगेको छ । वस्तु निकासीमा हालसम्मकै उच्च, ८१.८ प्रतिशतले वृद्धि भएको छ । चालु खाता र शोधनान्तर दुवै वचतमा छन् । विदेशी विनिमय सञ्चिति हालसम्मकै उच्च छ, यसले १४.७ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्छ ।

वित्तीय क्षेत्रका सूचक सबल रहेका छन् । वित्तीय पहुँच बढेको छ । निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ८.७ प्रतिशतले बढेको छ । पुँजी बजारमा लगानीकर्ताको आकर्षण बढेको छ । जनसंख्याको करिब ४८ प्रतिशत बीमाको दायरामा आएको छ ।

प्रतिष्ठित अन्तरराष्ट्रिय रेटिङ एजेन्सी (फिच) बाट पहिलो पटक मुलुकको समष्टिगत वित्तीय अवस्था तथा साख क्षमताको यथार्थ चित्रण गर्ने नेपालको सार्वभौम साख मूल्याङ्कनको (सोभरन क्रेडिट रेटिङ) कार्य सम्पन्न गराइएको छ । उक्त मूल्याङ्कनबाट नेपालले दक्षिण एसियामा दोस्रो उत्कृष्ट बीबी माइनस रेटिङ प्राप्त गरेको छ, यसले लगानीका लागि नेपालमा राम्रो वातावरण बन्दै गएको देखाउँछ ।

नयाँ वित्त तथा मौद्रिक नीति जारी भएसँगै लामो समयदेखि सङ्कटमा रहेको घरजग्गा तथा सेयर कारोबारमा सुधार भएको छ । अहिले बैंक तथा वित्तीय संस्थासँग पर्याप्त तरलता रहेको र लगानीको लागि ब्याजदर समेत घटेको अवस्था छ ।

कम्पनी रजिष्ट्रेसनको सेवालाई पूर्ण रुपमा अनलाइन गर्न थालिएको छ । कूल पुँजी ५० करोड रुपैयाँसम्मको वैदेशिक लगानी स्वचालित मार्गबाट स्वीकृत हुने व्यवस्था उद्योग विभागले कार्यान्वयनमा ल्याएको छ ।

गत आर्थिक वर्षमा स्टार्टअपका लागि ६६१ फर्म छनोट गरिएका थिए, तीमध्ये करिब ६०० स्टार्टअप फर्मलाई रु ८८ करोड ६६ लाख सहुलियतपूर्ण कर्जा उपलब्ध गराइएको छ । चालु आर्थिक वर्षमा पनि यस कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

गत आर्थिक वर्षमा भारतमा रु १७ अर्व ४५ करोडको विद्युत् निर्यात भएको छ । यो विगत वर्षभन्दा रु ३९ करोडले बढी हो । बङ्गलादेशमा पहिलो पटक विद्युत् निर्यात गर्न थालिएको छ । कूल विद्युत् निर्यातमध्ये भारतमा रु १७ अर्ब १९ करोड र बङ्गलादेशमा रु २६ करोड रहेको छ ।

भारतको सिलिगुढीदेखि झापाको चारआलीसम्म पेट्रोलियम पाइपलाइन निर्माण तथा ग्रिनफिल्ड टर्मिनलको निर्माण कार्य प्रारम्भ भएको छ । बाराको अम्लेखगञ्जदेखि चितवनको लोथरसम्म पाइपलाइन विस्तार र लोथरमा ग्रिनफिल्ड टर्मिनल निर्माण कार्य प्रारम्भ भएको छ ।

उपभोक्ता संरक्षण ऐनको व्यवस्थाबमोजिम काठमाडौंमा उपभोक्ता अदालत सञ्चालनमा आएको छ । अघिल्लोको तुलनामा गत आवमा झोलुङ्गे पुल निर्माण १६६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आवको २१० वटा झोलुङ्गे पुलसहित गत आवमा ५५९ वटा निर्माण भएका छन् । यसै अवधिमा नवलपरासीको सुस्तामा झोलुङ्गे पुल सञ्चालनमा आएको छ ।

अघिल्लो आवमा दुई लेन कालोपत्रे सडक ७५६ किमी निर्माण भएकोमा यस कार्यकालको पहिलो वर्षमा एक हजार ८८ किमी निर्माण भएको छ ।

अघिल्लो आवमा चार लेनको कालोपत्रे सडक ८१ किमी निर्माण भएकोमा गत वर्ष त्यसको झण्डै दोब्बरअर्थात् १४६ किमी निर्माण भएको छ ।

वर्तमान सरकारले पूर्व–पश्चिम राजमार्गलाई आठ मुख्य खण्डमा छुट्याएर स्तरोन्नतिको काम तदारुकताका साथ गरिरहेको छ । एक निर्वाचन क्षेत्र एक रणनीतिक सडक, मदन भण्डारी राजमार्ग, हुलाकी राजमार्ग र मध्यपहाडी लोकमार्ग निर्माण तथा स्तरोन्नतिको कामलाई उच्च प्राथमिकतामा राखी काम गरिरहेको छ ।

उत्तर दक्षिण करिडोरअन्तर्गतको त्रिदेशीय मार्ग खाँदबारी–किमाथाङ्का खण्डको ट्«याक खोल्ने काम सम्पन्न गरेर कालोपत्रे स्तरोन्नतिको कार्य चालु रहेको छ ।

कक्षा १२ को (माध्यमिक शिक्षा) परीक्षामा उत्तीर्ण हुने विद्यार्थीको प्रतिशत ९.०२ प्रतिशतले वृद्धि भएको (६१.१७ प्रतिशत) छ । ३.२ र सोभन्दा माथि औसत ग्रेड पोइन्ट प्राप्त गर्ने विद्यार्थीको प्रतिशत पनि गत वर्षभन्दा ३.०४ प्रतिशतले वृद्धि (१७.४९ प्रतिशत) भएको छ ।

पश्चिम नेपालमा भूकम्पबाट क्षति भएका जाजरकोट, रुकुम पश्चिम र बझाङ जिल्लाका ४९ वटा विद्यालयहरुको पुनर्निर्माण र १४४ वटा नयाँ कक्षाकोठाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । दुई हजारभन्दा बढी विद्यार्थी संख्या भएका ४२ वटा विद्यालयमा सुविधासम्पन्न भवन निर्माणको काम भइरहेको छ ।

खुल्ला प्रतियोगितामार्फत विभिन्न तहका लागि छ हजार ५०६ जना नयाँ स्थायी शिक्षक नियुक्ति गरिएको छ । नयाँ पुस्ताको प्रवेशले विद्यालय शिक्षाको शिक्षण सिकाइमा उल्लेख्य सुधार हुने अपेक्षा गरिएको छ ।

कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीमध्ये २९ हजार ७४६ जनाका लागि वृत्ति मार्गनिर्देशन (क्यारियर काउन्सीलिङ) कार्यक्रम सञ्चालन गरिएको छ । यसबाट विद्यार्थीमा भावी दिनमा आफ्नो वृत्ति छनोटका लागि मद्दत पुगेको छ । जुम्ला, मुगु र हुम्लालाई साक्षर जिल्ला घोषणा गरिएको छ । साक्षर घोषित जिल्लाको संख्या अब ६७ पुगेको छ । यसै अवधिमा सुदूरपश्चिम पनि साक्षर प्रदेश घोषणा भएको छ । हालसम्म विभिन्न ३३ मातृभाषाका पाठ्यक्रम तथा नमुना पाठ्यपुस्तक विकास गरिएको छ । यसरी संविधान प्रदत्त मातृभाषामा शिक्षा पाउने हकको सम्बोधन गरिंदै छ ।

रेक स्थानीय तहमा एक आधारभूत अस्पताल स्थापना गर्ने लक्ष्यअनुरुप निर्माणाधीन ४१५ वटा अस्पतालमध्ये ५५ वटा सम्पन्न भई सञ्चालनमा आएका छन् । यी अस्पताल सञ्चालनको लागि तीनै तहका सरकारको सहभागिता एवं समन्वय हुनेगरी आधारभूत अस्पताल सञ्चालन मापदण्ड, २०८१ कार्यान्वयनमा ल्याइएको छ ।

नागरिक एपमा आबद्ध सरकारी सेवा गत वर्ष ६२ वटा रहेकोमा हाल यो संख्या ६५ पुगेको छ । हाल यो एप लगभग साढे पाँच लाख प्रयोगकर्ताले प्रयोग गरिरहेका छन् । यस एपमा सवारी लाइसेन्सको डिजिटल कार्ड देखिने व्यवस्थाले सवारी नियम उल्लङ्घन गरेको अवस्थामा तिर्नुपर्ने जरिवाना समेत नागरिक एपबाटै तिर्न सक्ने व्यवस्था सुरु गरिएको छ ।

राष्ट्रिय परिचयपत्र प्राप्त नागरिकको संख्या गत वर्षको तुलना १० प्रतिशत वृद्धि भई ७५ प्रतिशत पुगेको छ । सेवा प्राप्त गर्दा विभिन्न निकायमा पटक पटक एकै किसिमको विवरण पेस गर्नुपर्ने अवस्थामा सुधार ल्याउन विभिन्न सेवालाई राष्ट्रिय परिचयपत्रसँग आबद्ध गर्दै लैजाने कार्य भइरहेको छ । नागरिकता संशोधन विधेयक सम्मानित संसद्मा दर्ता भइसकेको छ । यो विधेयक पारित हुनासाथ संविधानतः हरेक नेपालीको नागरिकता–प्रमाणपत्र पाउने हकको पूर्ण कार्यान्वयन हुनेछ । मुस्ताङको कोरोला र चीनको नेचुङ नाका सञ्चालनमा आएको छ । यसबाट द्विपक्षीय व्यापार तथा आवागमन सहज भएको छ ।

सरकारको कार्यसम्पादन र निर्णय प्रक्रियालाई शीघ्र र नतिजामुखी बनाउन सुशासन ऐन लगायतका कानुनहरूमा संशोधन गरिएको छ । यसवाट प्रचलित कानुनमा निश्चित अवधिभित्र सम्पादन गर्नुपर्ने उल्लेख भएकोमा बाहेक सार्वजनिक निकायले सात दिनभित्र निर्णय गरिसक्नुपर्ने प्रावधान राखी निर्णय प्रक्रियालाई छिटोछरितो बनाइएको छ ।

विभिन्न समयमा भएका अध्ययन प्रतिवेदन समेतका आधारमा अनावश्यक संरचनाहरू खारेज गर्ने र गाभ्ने, सार्वजनिक सेवा प्रवाहलाई चुस्त, मितव्ययी, जवाफदेही र प्रविधिमैत्री वनाउने उद्देश्यका साथ प्रधानमन्त्री अध्यक्ष रहनेगरी विज्ञ तथा नीजिक्षेत्रका प्रतिनिधि सम्मिलित उच्चस्तरीय शासकीय सुधार आयोग, २०८२ ले काम प्रारम्भ गरिसकेको छ ।

वर्तमान सरकारको एक वर्षको अवधिमा जलविद्युत् आयोजनाबाट ४०९ मेगावाट तथा सौर्य आयोजनाबाट २५ मेगावाट गरी कूल ४३४ मेगावाट विद्युत् उत्पादन थप भएको छ । हालको कूल विद्युत उत्पादन क्षमता ३ हजार ५९१ मेगावाट पुगेको छ । वैकल्पिक ऊर्जाको ९१ मेगावाट समेत जोड्दा कूल जडित क्षमता ३ हजार ६८२ मेगावाट पुगेको छ । साथै, १९६ मेगावाट क्षमताका थप ६ वटा आयोजनाहरू निर्माण सम्पन्न भई परीक्षणको चरणमा रहेको छन् । यस अवधिमा थप १७ हजार ३०८ हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार भएको छ ।

हाल ५७३ स्वचालित जल तथा मौसम केन्द्रहरू सञ्चालनमा ल्याइएको छ, जसबाट मनसुनजन्य विपदको क्षति न्यूनीकरण गर्न पूर्व चेतावनी प्रणाली सुदृढ हुँदै गएको छ । गत आर्थिक वर्षमा मात्रै थप ३३ वटा मानव सञ्चालित जल तथा मौसम मापन केन्द्रहरूलाई स्तरोन्नति गरिएको छ ।

यस वर्षदेखि मेलम्ची खानेपानी प्रणालीमा अत्याधुनिक स्वचालित प्रणाली जडान गरी वर्षातको समयमा पनि मेलम्ची खानेपानी प्रणालीबाट निरन्तर रुपमा खानेपानी वितरणको व्यवस्था मिलाइएको छ । उपत्यकाको रिङरोडभित्र मेलम्ची खानेपानी प्रणालीको पाइपलाइन विस्तार सम्पन्न भएको छ । रिङरोड बाहिरका बस्तीहरूमा खानेपानी वितरण गर्न ८७५ किलोमिटर पाइपलाइन विस्तारको लागि ठेक्का आव्हान गरिएको छ । पाँच सय लिटर प्रतिसेकेण्ड क्षमताको नेपालकै सबैभन्दा ठूलो क्षमताको भेरी पम्पिङ आयोजना सुर्खेतमा निर्माण सुरु गरिएको छ । पोखरा खानेपानी सुधार आयोजना सम्पन्न गरी सचालनमा ल्याइएको छ । जलवायु परिवर्तन, हिमाल र मानव जातिको भविष्यलाई मुख्य विषय बनाई पहिलोपटक २०८२ जेठमा सगरमाथा संवाद सम्पन्न गरिएको छ । सम्मेलनको निष्कर्षस्वरूप २५ बुँदे 'सगरमाथा कार्य आह्वान' (सगरमाथा कल फर एक्सन) सार्वजनिक गरिएको छ । नेपालजस्ता जलवायु परिवर्तनको जोखिममा परेका पर्वतीय मुलुकहरूलाई जलवायु सङ्कटबाट बचाउन विश्वव्यापी साझा प्रतिबद्धता, समावेशी विकास र जलवायु वित्तको पँहुच वृद्धि गर्न यसबाट बल पुग्नेछ ।

विकास आयोजनाहरू निर्माणमा हुने अवरोध हटाई द्रुत गतिमा सम्पन्न गर्न एक वर्षमा १०८ विकास आयोजनाहरूलाई ५६४ हेक्टर वन क्षेत्र भोगाधिकार उपलब्ध गराइएको छ । उक्त वन क्षेत्रमा रहेका ८८ हजार २७१ रुख पोल हटाउन अनुमति समेत दिइएको छ । विकास आयोजनालाई सहजीकरण हुनेगरी वातावरणीय अध्ययन प्रतिवेदनको स्वीकृति प्रक्रिया र वन क्षेत्रको प्रयोग गर्न दिने प्रक्रियालाई सरल वनाइएको छ ।

जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौताअनुसारको तेस्रो राष्ट्रिय रूपमा निर्धारण गरिएको योगदान (एनडिसी ३.०) स्वीकृत गरिएको छ । यस दस्तावेजमा आगामी १० वर्षभित्र ऊर्जा, यातायात, वन क्षेत्रमा हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण र जलवायु अनुकूलनसम्बन्धी लक्ष्यहरू राखिएका छन् ।

चीनमा दुग्ध र मासु पदार्थ निर्यातका लागि भन्सार सहजीकरणसम्बन्धी आवश्यक प्राविधिक कार्य सम्पन्न गरिएको छ ।

आर्थिक वर्ष २०८१–८२ सम्ममा देशभरका १ सय ३५ वटा भूमिसुधार तथा मालपोत कार्यालयमा पूर्ण रूपमा ल्याण्ड रेकर्ड इन्फर्मेशन म्यानेजमेण्ट सिस्टम लागू गरी अनलाईन प्रणाली मार्फत सेवा सञ्चालन गरिएको छ । त्यस्तै, ९२ वटा नापी कार्यालयहरूबाट नेपाल ल्याण्ड इन्फर्मेशन सिस्टममार्फत सेवालाई सरल र सहज बनाउने प्रयास गरिएको छ ।

बैंक, वित्तीय संस्था तथा सञ्चय कोष समेतले अनलाइन प्रविधिबाट जग्गा रोक्का वा फुकुवा गर्न सक्नेगरी १०५ वटा भूमिसुधार तथा मालपोत कार्यालयमा पब्लिक एक्सेस मोडल लागू गरिएको छ ।

भूमि समस्या समाधान आयोग गठन गरी भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलनसम्बन्धी कार्य भैरहेको छ ।

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन गरी सुशासन कायम गर्न गठन गरिएको राष्ट्रिय सहकारी नियमन प्राधिकरणले काम सुरु गरेको छ ।

सहकारीबाट ऋण लिएका तर लामो समयसम्म ऋण नतिरेका ऋणीहरूबाट ऋण असूल गर्ने प्रयोजनका लागि कर्जा असूली न्यायाधीकरण गठन गरिएको छ ।

राष्ट्रिय श्रम आप्रवासन नीति, २०८२ अन्तर्गत भारतमा रोजगारीका लागि जाने नेपालीलाई पहिलो पटक सामाजिक सुरक्षा र अधिकारको सुनिश्चित गर्ने व्यवस्था गरेको छ । यस नीतिले भारतमा रोजगारीमा जाने श्रमिकले स्थानीय तहमा दर्ता गराउनुपर्ने र २ सयदेखि ५ सय रुपैयाँ हाराहारी कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । यसबाट उनीहरूको सामाजिक सुरक्षा र अधिकार सुनिश्चित गर्न सकिनेछ । यस नीतिले जुनसुकै देशमा पुगेका श्रमिकहरूको स्वदेश फिर्ति तथा समाजमा पुनः एकीकरणका कार्यक्रमहरु सञ्चालन गर्न मार्गदर्शन समेत गरेको छ ।

रोजगारदाताको आवश्यकतानुसारको जनशक्ति विकास तथा आपूर्तिमा सहयोग पुग्नेगरी राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले रोजगारदाताको नेतृत्वमा पाठ्यक्रम विकास गरी तालिम दिने र तालिम पश्चात् रोजगारीको सुनिश्चित गर्ने प्रवन्ध गरिएको छ ।

विगत लामो समयदेखि कुनै पनि भिसामा, जुनसुकै प्रयोजनका लागि विदेश गई वैध रूपमा त्यहीँ बसोबास गरिरहेका नेपाली नागरिकहरूले आफू बसेको देशमा रोजगारीका लागि बीमा, सामाजिक सुरक्षा कोष र वैदेशिक रोजगार बोर्डको कल्याणकारी कोषमा नियमानुसारको योगदान गर्न सम्बन्धित देशस्थित नेपाली नियोगबाटै श्रम स्वीकृति लिने व्यवस्था गरिएको छ । यसबाट श्रम स्वीकृति नलिएका वा श्रम स्वीकृतिको अवधि सकिएका नेपालीहरू समेत श्रमिकको अधिकार र सामाजिक सुरक्षाबाट लाभान्वित हुनेछन् ।

स्वदेश वा विदेशमा रोजगारीको खोजीमा रहेका व्यक्ति तथा रोजगारदाताहरूबीच अन्तक्रि्रया गरी रोजगारीमा आवद्ध हुन मिल्नेगरी श्रम सञ्चार पोर्टल कार्यान्वयनमा ल्याइएको छ । यस पोर्टललाई सबै पालिका र नागरिक एपसँग जोडिएको छ । अब रोजगारीको खोजीमा रहेका हरेकले नागरिक एपमै सबै प्रदेश र स्थानीय तहमा उपलब्ध रोजगारीको विवरण हेर्न र आवेदन दिन सक्ने छन् ।

संविधान कार्यान्वयन गर्ने र संक्रमणकालीन न्यायसँग सम्बन्धित बाँकी कामहरू सम्पन्न गरी शान्ति प्रकियालाई टुङगोमा पु¥याउने विषय सरकारको उच्च प्राथमिकतामा रहेको छ । यस अबधिमा वेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरूपण तथा मेलमिलाप आयोगहरू गठन भै कार्य भैरहेको छ ।

छिमेकी मुलुकहरूसँगको सम्बन्धलाई यस सरकारले उच्च प्राथमिकतामा राखेको छ । मैले सरकारको नेतृत्व लिएपछि गरेको मित्रराष्ट्र चीन र थाइल्याण्डको औपचारिक भ्रमण तथा विमस्टेकको छैटौं शिखर सम्मेलन, विकासका लागि वित्त सम्बन्धी चौथो संयुक्त राष्ट्रसङ्घीय सम्मेलनमा भएको सहभागिताबारे यस सम्मानित सदनमा जानकारी गराई सकेको छु । यसका अतिरिक्त परराष्ट्र मन्त्रीद्वारा भएका विभिन्न देशका भ्रमण र बहुपक्षीय फोरममा भएको सहभागिता तथा विभिन्न मन्त्री तथा मन्त्रालयका अधिकारीद्वारा भएको भ्रमण–सहभागिताले नेपालजस्ता देशका चासो, मुद्दा र आवाजहरू अन्तर्राष्ट्रिय फोरमहरूमा उठाउने र नेपाललाई क्षेत्रीय तथा विश्वस्तरीय मञ्चमा चिनाउने काम भएको छ ।

वर्तमान सरकार 'समृद्ध नेपाल सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षा हासिल गर्ने संकल्पकासाथ अघि बढिरहेको छ । देशका विभिन्न भागमा आएका बाढी पहिरो, खडेरी जस्ता विपत्तिहरूका वाबजुद माथि उल्लेख गरिएका आर्थिक तथा सामाजिक विकासका सूचकहरूमा आएको सकारात्मक परिवर्तनले मुलुक सुशासन र समृद्धिको दिशातर्फ उन्मुख भएको स्पष्ट संकेत गर्छ । वर्तमान सरकारले एक वर्षको समयमा जनताका आशा र अपेक्षा पूरा गर्न हरसम्भव प्रयास गरेको छ ।

# बागमती प्रदेशसभाः जनताको जीवनस्तरमा परिवर्तन ल्याउने गरी काम गर्ने मुख्यमन्त्रीको भनाइ

**बागमती ।**
बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले जनताको जीवनस्तरमा परिवर्तन ल्याउने गरी प्रदेश सरकारले काम गर्ने बताएका छन । प्रदेशसभाको बुधवारको बैठकको विशेष समयमा उनले जनतालाई अनुभूति हुने गरी जनमुखी, सेवामुखी, विकासमुखी र आयमुखी काम गर्न प्रदेश सरकार अग्रसर रहेको उल्लेख गरे । भ्रष्टाचारमुक्त, सुशासनयुक्त, पारदर्शी, जवाफदेही प्रदेश सरकार बनाउन प्रयत्नशील रहेको जनाउँदै मुख्यमन्त्री बानियाँले उत्पादन र रोजगारी बढाउने कार्यलाई सरकारले प्राथमिकताका साथ अघि बढाउँदै लगेको बताए । समावेशी, दिगो, आत्मनिर्भर र समृद्ध प्रदेश निर्माण गर्नु वर्तमान सरकारको परिकल्पना भएको भन्दै उनले विगतमा भएका सकारात्मक कामलाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गरे ।

गरिब जनताप्रति सरकार जिम्मेवार भएर अघि बढ्ने बताउँदै मुख्यमन्त्री बानियाँले मेडिकल, आयुर्वेदिक र भेटेरिनरी पढ्न चाहने, आर्थिक अवस्था कमजोर भएका गरिब तथा विपन्न परिवारका छोराछोरीलाई प्रदेश सरकारले छात्रवृत्तिमा पठनपाठन गराइदिने प्रतिबद्धता व्यक्त गरे ।

'गरिब निमुखाका छोराछोरी जसले नाम निकालेका छन्, तर उनीहरूसँग पढ्ने पैसा छैन, ती परिवारका छोराछोरीलाई प्रदेश सरकारले जिम्मेवारी लिएर अध्ययनअध्यापन गराउनेछ', मुख्यमन्त्री बानियाँले भने, 'अब गरिब निमुखामध्ये दुई जनालाई मेडिकलमा, दुई जनालाई आयुर्वेदतर्फ र दुई जनालाई भेटेरिनरीतर्फ प्रदेश सरकारले पढाउने छ ।' सरकार भाषणबाट होइन कामबाट प्रमाणित गर्ने बताउँदै उनले चालु आव २०८२÷८३ को बजेटसम्बन्धी सङ्कल्प प्रस्तावलाई सरकारले आत्मसात गरी अघि बढ्ने जानकारी दिए । बुधवारको प्रदेशसभा बैठकको विशेष समयमा रामप्रसाद ढुङ्गाना, शान्ता ढकाल, तारानारायण श्रेष्ठ, उर्मिला सुनुवार, मायादेवी शर्मा, उद्धव थापा, रत्नप्रसाद ढकाललगायत २४ जना सदस्यहरूले राजनीतिक, आर्थिक, सामाजिकलगायत समसामयिक विषयमा आ–आफ्ना धारणा राखे । रासस

# प्रतिनिधिसभा बैठकः समसामयिक विषयमा सरकारको ध्यानाकर्षण



**काठमाडौँ ।**
सांसदहरुले सरकारले राष्ट्रिय अनुसन्धान विभागसम्बन्धी विधेयकको मस्यौदा संविधानको मर्म र भावनाविपरीत बनाउन नहुने भन्दै सरकारको ध्यानार्कषण गराए ।

प्रतिनिधिसभाको बुधवारको बैठकको शून्य समयमा भाग लिँदै सांसद देवेन्द्र पौडेल र नारायणप्रकाश साउदले सरकारले तयार गरेको उक्त मस्यौदाले व्यक्तिको गोपनीयतासम्बन्धी हक खण्डित हुने धारणा व्यक्त गरे । उनहरूले गुप्तचार विभागमा व्यक्तिको स्वतन्त्रतामा खलल पुग्नेगरी निजी जीवनसँग सम्बन्धित पक्षहरू 'रेकर्ड' तथा अभिलेखीकरण गर्नु संविधान विपरीत हुने भएका संविधानसम्मन विधेयक ल्याउन सरकारसँग अनुरोध गरे ।

नागरिकको गोपनीयतामाथि गम्भीर आघात पुग्ने गरी फोन कल, म्यासेज, सहज कुराकानी, संवाद, भिडियो आदिलाई रेकर्ड गर्नेगरी संविधानप्रदत्त नागरिकको हकविपरीत विधेयक ल्याउन नहुने धारणा उनीहरुले व्यक्त गरे ।

यसैगरी सांसद दिलेन्द्रप्रसाद बडूले कैलालीको धनगढीस्थित कारागारमा दुई पक्षका कैदीबीच भएको हिंसात्मक झडपको घटना अन्य कारागारमा दोहोरिन नदिन सरकारको ध्यानार्कषण गराए ।

'जम्मा १५० जना क्षमताको कैलाली कारागारमा ७०० जना किन र कसरी थुप्रिन पुगे ? यस अवस्थामा सुधारका लागि सरकारको के तयारी छ, संसद्लाई जानकारी चाहिन्छ', उनले भने ।

सांसद पुष्पबहादुर शाहले कैलाली कारागारमा भएको जस्तै हिंसात्मक घटना दोहोरिन नदिन आग्रह गर्दै भारतको उत्तराखण्ड राज्यअन्र्तगत उत्तरकाशीको बाढीपहिरामा परी ज्यान गुमाउने नेपालीका परिवारलाई राहत उपलब्ध गराउन माग गरे ।

यसैगरी सांसद ठाकुरप्रसाद गैरेले 'हमास'द्वारा बन्धक बनाइएका कञ्चनपुरका विपिन जोशीको उद्धारका पक्षमा भइरहेको कूटनीतिक पहललाई अझ प्रभावकारी बनाउन अनुरोध गरे ।

सांसद देवप्रसाद तिमलसेनाले किसानलाई मलखादको व्यवस्था, सुक्खा क्षेत्र घोषणा गरिएका क्षेत्रहरुमा राहतको प्रबन्ध र खानेपानीका लागि बजेटको व्यवस्था गर्न माग गरे ।

सांसद नारायणी शर्माले लुम्बिनी प्रदेशको राजधानी राप्ती उपत्यका दाङमा आधुनिक सहर बनाउने गुरुयोजनाको कामले गति लिन नसकेको भन्दै आवश्यक समन्वयसहित सहजीकरणका लागि सङ्घीय सरकारको ध्यानार्कषण गराए ।

सांसद प्रकाश ज्वालाले बँदेल र बाँदरका कारण किसान प्रताडित भएको उल्लेख गर्दै किसानको मनोवल बढाउनेगरी राहत सुविधाको व्यवस्था होस् भने ।

सांसद प्रभु हजाराले पर्सा जिल्लाको गण्डक नहरस्थित पुल भाँचिएपछि स्थानीय जनता मर्कामा परेको उल्लेख गर्दै सो स्थानमा यथासीघ्र यथासीघ्र 'बेलिब्रिज' निर्माणका लागि सरकारको ध्यानाकर्षक गरे ।

सांसद दुर्गा राईले सरकारले विचौलियाको स्वार्थअनुकूल नीतिगत निर्णय गर्न र ऐनहरु बनाउन खोजेको आरोप लगाए ।

सांसद निर्मला कोइरालाले अनावश्यक वादविवादमा नगरी हातोमालो गरेर देश र जनताका पक्षमा काम गर्न पार्टी नेताहरूसँग आग्रह गरे ।

शून्य समयमा भाग लिनुहुने सांसदहरू पूर्णबहादुर घर्ती मगर, प्रेम सुवाल, दीपा शर्मा र धनबहादुर बुढाले आआफना निर्वाचन क्षेत्रका मागसहित समसामयिक विषयमा सरकारको ध्यानार्कषण गराउनुभएको थियो ।रासस

# विकासका लागि राजनीतिक स्थिरता आवश्यकः सञ्चारमन्त्री




**काठमाडौँ ।**
सञ्चार तथा सूचनाप्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले विकासका लागि राजनीतिक स्थिरता आवश्यक रहेको बताएका छन ।

स्वाबलम्बन विकास केन्द्रको ३४औँ वार्षिकोत्सवका अवसरमा बुधवार आयोजित कार्यक्रममा सञ्चारमन्त्री गुरुङले विकास र समृद्धिका पक्षमा प्रमुख दुई ठूलो राजनीतिक दल एक भएर सरकार चलाउनुपरेको बताए ।

उनले देशमा अहिले स्थिर सरकार भएकाले लगानीको वातावरण बनेको प्रसङ्ग उल्लेख गर्दै रोजगारीसहित आर्थिक समृद्धि र विकासका पक्षमा अग्रसर हुन उद्यमीव्यवसायीसँग अनुरोध गरे ।

कार्यक्रममा मन्त्री गुरुङले दुई लाख रुपैयाँ राशिको लघु उद्यमशील विकास पुरस्कार छिमेक लघुवित्त विकास संस्थालाई प्रदान गरे । स्वाबलम्बन विकास केन्द्रले यस वर्षका लागि सो पुरस्कार सो संस्थालाई दिने निर्णय गरेको थियो ।

यसैगरी मन्त्री गुरुङले दुई लाख रुपैयाँ राशिको शङ्करमान श्रेष्ठ लघुवित्त पुरस्कार सफल उद्यमीसमेत रहेका सांसद योगेन्द्र मण्डललाई प्रदान गरे । सोही अवसरमा जनही ५० हजार रुपैयाँ राशिको उत्कृष्ट लघु उद्यमी सदस्य पुरस्कार विमला थारु, जमुना घिमिरे र आशा बुढामगरलाई प्रदान गरिएको थियो ।रासस

# रविको कारागार स्थान्तरणको विषय प्रक्रियामा छः गृहमन्त्री लेखक



**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकले पूर्वउपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेको कारागार स्थान्तरणको विषय अघि बढेको बताएका छन ।

प्रतिनिधिसभाअन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार आयोगको बैठकमा गृहमन्त्री लेखकले कारागार स्थान्तरण सरकारले गर्ने बताउँदै सुरक्षालगायत सबै विषय सुनिश्चित गरेर निर्णय गर्नुपर्नेमा जोड दिए ।

'अड्डासारका लागि अदालतबाट आदेश होइन सहमति/अनुमति लिनुपर्ने हुन्छ ।

जुन अदालतमा मुद्दा चलिरहेको हुन्छ, त्यो अदालतले अनुमति दिनुपर्नेमा अदालतको अनुमति प्राप्त छ । उहाँको निवेदन पनि छ', उनले भने, 'सरकारले कुन कारागारमा सार्ने सुरक्षाका सबै विषय हेरेर निर्णय गर्नुपर्छ । यसलाई मैले गम्भीरता पूर्वक लिएको छु । म सकरात्मक छु ।'

गृहमन्त्रीले लामिछाने कारागारमा पाउनुपर्ने कुनै पनि सुविधाबाट वञ्चित नभएको बताए । 'जेलहरू साघुँरा छन्, सानै भएपनि उहाँलाई अलगै कोठामा राखिएको छ । कारागार प्रशासनले समस्याका बारेमा बेलाबेला सोधेको मैले जानकारी पाएको छु', गृहमन्त्री लेखकले भने, 'कारागारमा उपलब्ध हुने सुविधाबाट वञ्चित गरिएको छैन । उहाँलाई विशेष सुविधा दिएको छ भन्ने पनि होइन ।'

लामिछानेलाई साँघुरो भएपनि एउटा कोठामा अलग्गै राखिएको उनले जानकारी दिए ।

'वहाँ एक्लै कोठामा बस्नुभएको छ', लेखकले भने, 'भौतिक पूर्वाधार अभाव र बजेटको सिमितताका कारण चाहे जति सुधारका काम गर्न सकिरहेका छैनौँ ।' कारागारको भौतिक पूर्वाधार निर्माण तथा सुधार, कैदीबन्दीको समस्या, सेवा सुविधालाई ध्यानमा राखिएको उनको भनाइ छ ।

'सात हजार कैदीबन्दी उत्पादन क्षेत्रसँग जोडिएका छन् । कारागारमा स्वास्थ्य सेवा थप प्रभावकारी र गुणस्तरीय बनाउँदै लैजाने, कैदीबन्दीलाई मनोवैज्ञानिक परामर्श दिने र खुल्ला कारागारसम्बन्धी अवधारणामा जानेलगायत विषयमा सरकारले पहल गरिरहेको छ', उनले भने, 'बिगत एक वर्षमा प्यारोलमार्फत दुई हजार ७५ जनाभन्दा बढी कैदी छुटेका छन् ।'

त्यस्तै कैलाली कारागार छानविन समितिले प्रतिवेदन सार्वजनिक भएपछि कानुनअनुसार दोषीमाथि कारबाही गरिने बताउँदै कारागारमा हतियार प्रवेशको विषय गलत भएको स्पष्ट पारे ।रासस

# निर्माणाधिन अस्पताल केही समयमा सञ्चालनमा आउँदैछः मन्त्री पौडेल

**काठमाडौं ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले राप्ती सोनारी बाँकेमा १५ शैयाको अस्पताल भवन निर्माण कामको पूरा भई हस्तान्तरण गर्न मात्र बाँकि रहेको बताएका छन् ।

बुधबार प्रतिनिधिसभाको बैठकमा उनले अस्पताल भवन निर्माणको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट सम्झौता बराबरको पूरा रकम पठाई सकेको भन्दै हस्तान्तरण पछि संचालनमा आउने बताए ।

उनले भने, 'बाँके जिल्लाको राप्तीसोनारी गाउँपालिका वडा नं. ४ मा राप्ती सोनारी बाँकेमा १५ शैयाको अस्पताल भवन निर्माणको कामको लागि बोलपत्र आह्वान गरिएकोमा सम्झौता रकम १० करोड ३९ लाख ९० हजारमा सम्झौता भई कार्य भएको र आ.व. २०८०।०८१ सम्म कुल खर्च ९ करोड ६३ लाख १३ हजार र चालु आ.व. २०८१।०८२ को कुल निकासा ७६ लाख ७७ हजार गरि आ.व. २०८१।०८२ सम्म यस स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट सम्झौता बराबरको पुरा रकम पठाईएको साथै यस मन्त्रालयलाई प्राप्त जानकारी अनुसार भौतिक प्रगति १०० प्रतिशत रही हस्तान्तरण गर्न बाँकि रहेको र हस्तान्तरण पछि संचालनमा आउने छ । अस्पताल संचालनको कार्यविधि तयारी भैइरहेको ।'यस्तै, उनले बाँकेको नरैनापुरमा १५ शैयाको अस्पताल भवन निर्माणको कार्य पनि ९० प्रतिशत पूरा भएको भन्दै मन्त्रालयबाट निकासा गर्न बाकि रकम ०८२/८३ को बजेटमा समावेश गरिएको बताए । उनले भने, 'त्यसैगरी बाँके जिल्लाको नरैनापुर गाउँपालिका वडा नं. ४ मा बाँकेको नरैनापुरमा १५ शैयाको अस्पताल भवन निर्माणको कामको लागि बोलपत्र आह्वान गरिएकोमा हनुमान कन्स्ट्रक्सन प्रा.लि ललितपुर–२५ संग २०७८/१२/१० गते सम्झौता रकम १६ करोड ५७ लाख ५२ हजारमा सम्झौता भई निर्माण कार्य संचालनमा रहेको र आ.व. २०८०।०८१ सम्म कुल खर्च ९ करोड ९३ लाख १० हजारमा भएको, आ.व. २०८१।०८२ मा विनियोजन रकम ६ करोड १४ लाख १४ हजारमा भएको र हालसम्म सम्झौता रकम अनुसारको १६ करोड ०७ लाख २४ हजार अर्थात् ९७ प्रतिशत रकम मन्त्रालयबाट बिनियोजन गरि सकिएको । साथै आ. व. २०८२/८३ मा निकासा गर्नु पर्ने बाकि रकम ५० लाख २८ हजार रहेको र बाँकी रकम ०८२/८३ को बजेटमा समावेश गरिएको । साथै यस मन्त्रालयमा प्राप्त जानकारी अनुसार भौतिक प्रगति ९० प्रतिशत रहेको बुझिएको छ ।' रासस

# २०८४ सालसम्म यही राजनीतिक समीकरण अगाडि बढ्छः प्रधानमन्त्री

**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले भीडद्वारा कुनै एक अभियुक्तलाई पुर्पक्षका लागि थुनामा राखिएका आधारमा न्यायको हत्या गरेर अभियोगमुक्त हुन खोज्नेहरुबाट समयले यसको जवाफ सधैं माग्ने बताएका छन ।

प्रतिनिधिसभाको बुधवारको बैठकमा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले भीडको पछि लागेर कुद्ने भीड अचम्मको मात्र होइन दयालाग्दो पनि भएको टिप्पणी गरे ।

'लाखौँ जनताले सहकारीमा गरेको वचत हिनामिना गर्ने सयौँ व्यक्तिमाथि न्यायालयमा मुद्दा चलेको छ । अदालतले मुद्दा हेरिरहेको छ । पूर्वमन्त्री, पूर्वसांसद, बहालवाला मेयरलगायत विभिन्न ओहोदामा रहिसकेका दर्जनौँ व्यक्तिहरुलाई अदालतले थुनामा पठाएको छ । तर अदालतले पुर्पक्षका लागि थुनामा पठाएका कुनै एक व्यक्तिमाथि 'राजनीतिक प्रतिशोध' भएको भन्ने जबर्जस्त भाष्य बनाउन खोजिएको छ', प्रश्नात्मक शैलीमा प्रधानमन्त्री ओलीले भने, 'एउटा व्यक्तिमाथि प्रतिशोध भएको हो भने थुनामा रहेका अन्य व्यक्तिमाथि के भएको हो ?

त्यो चाहिँ कानुनी कारबाही हो ? अर्बौं रुपैयाँ अपचलन गरेको आरोपमा थुनामा रहेका सयौँमध्ये कुनकुन व्यक्तिमाथि 'प्रतिशोध' भएको हो ? कुन कुन व्यक्तिमाथिको थुना जायज हो ?'

उनले यस्ता कुरालाई लिएर लगातार संसद् अवरुद्ध गरी विस्मयकारी, भावनात्मक र हानिकारक उत्तेजनाको एकालापमा मुलुकलाई लैजानु कदापि उचित नहुने बताए । प्रधानमन्त्री ओलीले स्वतन्त्र न्यायालयले गर्ने निर्णय सरकार अनुकूल वा प्रतिकूल जेसुकै भए पनि त्यसमा सरकारको हात नहुने स्पष्ट गर्दै संसद्, सरकार, न्यायालयलगायत आफ्नो काम गर्नुपर्ने लोकतान्त्रिक प्रणालीका सबैजसो अङ्गहरुलाई पेशेवर 'मास म्यानुपुलेसन'को आक्रमणबाट बचाउनुपर्नेमा जोड दिए ।

उनले अहिलेको सरकार विथोलिएको राजनीतिलाई लयमा फर्काउने, शिथिल अर्थतन्त्रलाई गतिशील बनाउने, राजनीति र नीतिमा उत्पन्न अस्थिरतालाई अन्त्य गरी नीतिगत स्थिरता कायम गर्ने, थालेको काम सक्ने– प्रतिनिधिसभाको यस कार्यकालमा हुन नसक्ने कामलाई थाती राख्ने, र मुलुकलाई बोझ बनेका असान्दर्भिक योजना÷कार्यक्रमहरु खारेज गर्ने क्रममा रहेको बताए ।

प्रधानमन्त्री ओलीले बुधवार संसदमा उछालिएका कतिपय विषय राष्ट्रिय प्राथमिकता र आवश्यकतामा आधारित नभएको तथा देश र जनताको हितमा केन्द्रित रहेर काम गर्नुपर्ने यस सम्मानित सदनलाई झुठा कथा सिर्जना गरेर 'कन्फ्युजन' पैदा गर्ने र सोसल मिडियाका लागि कन्टेन्ट उत्पादन गर्ने थलो बनाउने दुष्प्रयास भइरहेको टिप्पणी गरे । 'कतिसम्म भने भिजिट भिसामा विदेश गएर उतैको नागरिकता लिएर, उताको नागरिकता नत्यागी नेपाल फर्केर मन्त्रीसम्म भएका प्रमाणित अभियुक्तहरु र भिजिट भिसामा गएर उतै दुईदुई पटक बिहे गरिसकेका व्यक्तिहरुले समेत अन्तरराष्ट्रिय विमानस्थलमा प्लेन चढ्ने सबै नागरिकलाई 'बेचिएको' भन्ने भाष्य स्थापित गर्न खोजिरहेका छन् । यसका पछाडि मुलुक र नागरिकको हित जोडिएको छैन, यसले इमोसनल ब्ल्याकमेलिङ मार्फत आफ्नो स्वार्थको रोटी सेक्ने प्रवृत्ति मात्र उजागर गरेको छ ।' उनको भनाइ थियो ।

अस्थिरताको जतिसुकै चाहना राखे पनि आगामी ०८४ सालको निर्वाचनसम्म यही राजनीतिक समीकरण अगाडि बढ्ने पुनः स्पष्ट गर्दै उनले लोकतन्त्रको सम्वद्र्धनका लागि नभई त्यसको उपभोग गर्ने त्यसको हुर्मत लिने अभिष्ट भएकाहरुले प्रणालीमाथि प्रहार गर्न खोजे पनि आफूहरु प्रणालीको रक्षाका लागि दृढ भएको बताए ।रासस

# डल्ले खुर्सानीको खेतीबाट आत्मनिर्भर बन्दै हेलम्बुका युवा

**सिन्धुपाल्चोक ।**
सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका–५ भारती डिप्लोका युवा परम्परागत जातको डल्ले खुर्सानीको खेती गरेर आत्मनिर्भर बन्न थालेका छन् ।

पाँच वर्षअघि स्थानीय युवा वीरजित तामाङले डल्ले खुर्सानीको व्यावसायिक खेतीको सुरुआत गरेका थिए । उनले गरेको खुर्सानीखेती फस्टाएपछि हाम्रो साझा कृषि सहकारी संस्थाको समन्वय र सहयोगमा हेलम्बु कृषि शाखाले आर्थिक वर्ष २०८१/८२ को कार्यक्रमबाट आधुनिक प्रविधिद्वारा खुर्सानी रोप्न प्रयोग गरिने मल्चिङ प्लास्टिक ५० प्रतिशत अनुदानमा दिएको सहकारीका अध्यक्ष सानुकान्छा तामाङ बताउछन । उक्त अनुदान पाएसँगै हेलम्बु–५ का विभिन्न टोलमा त्यहाँका युवाहरुले व्यावसायिक डल्ले खुर्सानीखेती विस्तार गरेको व्यवसायी वीरजित बताउनुहुन्छ । वीरजितले मात्रै तीन हजार खुर्सानीका बोट लगाएका छन । खुर्सानीबाट गत साल पाँच लाख रुपैयाँ भन्दा माथि आम्दानी गरेको उनि बताउछन । 'गत वर्ष असिनाले गर्दा अलि कम भयो यस वर्ष त्योभन्दा बढी आम्दानी हुन्छ', वीरजित बताउछन । उनका अनुसार हेलम्बु–५ का विभिन्न टोलमा गरी त्यहाँका युवा किसानले १५ हजारभन्दा माथि खुर्सानीका बोट हुर्काएका छन् । सोही गाउँको खर्पुजे, प्रम्ची डाँडालगायत स्थानमा लगाइएको व्यावसायिक डल्ले खुर्सानीखेतीबाट यस वर्ष ५० लाखभन्दा माथि आम्दानी हुने अपेक्षा गरेको अर्का व्यवसायी वीरमान तामाङ बताउछन ।

उनिजस्तै पारित, सन्ज्या र बुद्धि तामाङलगायत युवाहरुले यो व्यवसाय गरेका छन् । डल्ले खुर्सानी औषधिजन्य भएको हुनाले स्थानीयस्तरमै बिक्री हुने र बढी भएको मात्र काठमाडौँसम्म लैजाने गरेको व्यवसायी वीरमान बताउछन ।

गाउँपालिकाको कृषि शाखाद्वारा ५० प्रतिशत अनुदानमा एक वडा एक उत्पादन कार्यक्रमअन्तर्गत उक्त वडामा आधुनिक खेती गर्न प्रयोग गरिने मल्चिङ प्लाष्टिक पाएसँगै त्यहाँका युवा किसान डल्ले खुर्सानीखेतीमा आकर्षित हुँदै आएका कृषि शाखाका प्रमुख भूपेन्द्र वली बताउछन । गाउँपालिकाको कृषि शाखाले डल्ले खुर्सानी व्यवसाय गर्ने किसानलाई मल्चिङ प्लाष्टिक र प्राविधिक सहयोग गरेको उनले जानकारी दिए ।

नुवाकोट र सिन्धुपाल्चोकको सिमाना पर्ने गोल्फु भञ्ज्याङ नजिक रहेको हेलम्बुको 'भारती डिप्लोमा' गाउँ समुद्री सतहदेखि एक हजार ८०० मिटर उचाइमा रहेको छ । गाउँभन्दा माथि दुई हजार ४०० मिटर उचाइ रहेको लेकमा लटरम्म स्याउ फलेको देख्न सकिन्छ भने तल गाउँमा पाखोबारीमा किसानले लगाएको डल्ले खुर्सानीको हराभरा देख्न सकिन्छ ।रासस

# बागलुङ र पर्वतमा चक्लाबन्दी गरेर व्यवसायिक फलफूल खेती

**बागलुङ ।**
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना एकाइमार्फत बागलुङ र पर्वतका विभिन्न स्थानमा ९९.५ हेक्टर जग्गा चक्लाबन्दी गरी व्यावसायिक रुपमा फलफूल तथा सागसब्जीखेती थालिएको छ ।

परियोजना एकाइका प्रमुख नारायण पौडेलका अनुसार आर्थिक वर्ष २०७६÷७७ देखि कृषक समूह र कृषि सहकारीमार्फत किसानलाई जोडेर व्यावसायिक खेतीतर्फ आकर्षित गर्न चक्लाबन्दी गरिएको हो । जग्गा चक्लाबन्दी गरेपछि गाउँका खाली जमिनको उपयोग भएको छ ।

चक्लाबन्दी भएको जमिनमध्ये रु एक करोड लगानी गरेर सात हेक्टरमा सुन्तला,१२ हेक्टरमा ओखर, २० हेक्टरमा सागसब्जी, १२.५ हेक्टरमा कागती, २७ हेक्टरमा स्याउ र ११ हेक्टरमा किबीका बिरुवा लगाइएको प्रमुख पौडेलले बताए ।

उक्त कार्यालयले ढोरपाटन नगरपालिका–९ नवी गाउँमा जग्गा चक्लाबन्दी गरी स्याउखेती सुरु गरेको छ । गत आवमा दुई सय ८० रोपनी चक्लाबन्दी गरी रेड, गोल्डेन, रोयल डेलिसियस जातका स्याउका बिरुवा लगाइएका छन् ।

नवी गाउँका किसान नन्दे सुनारले यस क्षेत्रमा आफूहरुले झण्डै दुई दशक अगाडिदेखि स्याउखेती गर्दै आए पनि प्रशस्त लाभ लिन नसकेको बताए । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले स्याउखेतीका निम्ति प्रेरित गरेपछि किसान उत्साहित भएका उनले बताए ।रासस

# बागलुङमा एक लाख ९३ हजार पशुचौपायालाई खोप



**बागलुङ।**
जिल्लामा एक लाख ९३ हजार ७२२ पशुचौपायालाई खोप लगाइएको छ। भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र बागलुङले जिल्लाका १० वटै वडाका ८५ वडामा प्राविधिक खटाएर विभिन्न रोगविरुद्धको खोप लगाएको हो।

कुकुर, गाईभैँसी, राँगा, गोरु, बाख्रा, बङ्गुरलगायत पशुलाई खोप लगाइएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका प्रमुख ऋषिराम सापकोटाले जानकारी दिए । उनका अनुसार २५ हजार ५३१ गाईगोरुलाई खोरेत र लम्पी स्किन, ४२ हजार ७२८ भैँसीलाई खोरेत, एक लाख २५५ बाख्रा र ११ हजार ५३८ भेँडालाई पिपिआर खोप दिइएको हो।

चार हजार ७२८ बङ्गुरलाई हैजाविरुद्धको र आठ हजार ९४२ कुकुरलाई रेबिजको खोप दिइएको सापकोटाको भनाइ छ।

गत पुसदेखि जेठसम्म चार चरणअन्तर्गत किसानको गोठमा प्राविधिक पुगेर खोप लगाएका उनले बताए । किसान हिउँद र बर्खा घुम्ती बसाइँ गर्ने हुँदा चार चरणमा खोप अभियान सञ्चालन गरिएको उनले उल्लेख गरे।

प्रमुख सापकोटले भने, 'जिल्लाका अधिकांश किसान घुम्ती बसाइँ गर्नुहुन्छ, हिउँदको समयमा बेँसीका बारीमा पशुचौपाया बाँध्नु हुन्छ, बर्खा लागेपछि बुकी उक्लिने चलन छ, बुकीमा पुगेर खोप लगाउन सम्भव नहुने भएकाले हामीले जेठ अन्तिम सातासम्म खोप अभियान सञ्चालन गरेका हौँ। पहिले खोप लगाउन नमान्नेहरूमा अचेल पशु सुरक्षाका लागि खोप लाउनुपर्छ भन्ने मानसिकता विकास भएको छ।' उनका अनुसार पशुसेवा विज्ञ केन्द्रले करिब एक करोड रुपैयाँ लगानीमा खोप अभियान सञ्चालन गरेका हो।

पहिले खोप लगाउनका लागि किसानको गोठमा पुग्दा दूध घटाउँछ, बिरामी पर्छन् भनेर नमान्ने गरेकामा अहिले फोन गरेरै खोप लगाइदिन आग्रह गर्ने प्रमुख सापकोटाले बताए । तीन वर्ष अगाडि लम्पी स्किन रोगले वस्तुभाउ मरेपछि किसानलाई खोप लगाउनुपर्छ भन्ने चेतनाको विकास भएको उनको भनाइ छ।

जिल्लामा अघिल्लो वर्ष दुई लाख १६ हजार ७२ पशुलाई विभिन्न रोगविरुद्धको खोप लगाइएको थियो।

ढोरपाटन नगरपालिका–९ का किसान थमबहादुर घर्तीले दुई वर्ष अगाडि पालिकाले बुकीमा आएर भैँसी र गाईलाई खोप लगाइदिएको भन्दै त्यसपछि कुनै पनि संस्थाले खोप नदिएको बताए। आफूले १४ वटा भैँसी, नौ वटा गाई र ५० को हाराहारीमा भेँडा पालन गर्दै आएको उनले जानकारी दिए। गत वर्ष सात वटा भेँडा मर्दा करिब एक लाख रुपैयाँ नोक्सानी भएको उनको भनाइ छ।

'पहिलापहिला पशुलाई खोप लगाइँदैनथ्यो, तीन–चार वर्ष अगाडि पशु चिकित्सकले गोठमा आएर खोप लगाइदिनुभएको थियो, त्यसपछि कोही पनि आउनुभएको छैन', घर्तीले भने, 'नियमित खोप लगाउन नपर्ने भएर हो कि त्यसपछि कोही पनि आउनुभएको छैन। हामी गोठाला बजारमा जान भ्याउँदैनौँ।' रासस

# उत्पादनमा आधारित अनुदानले तनहुँका किसान व्यवसायिक पशुपालनमा

**तनहुँ ।**
व्यास नगरपालिकाले उत्पादनका आधारमा किसानलाई अनुदान प्रदान गरेपछि यहाँका सर्वसाधारण व्यावसायिक पशुपालनतर्फ आकर्षित भएका छन् ।

किसानलाई प्रोत्साहनस्वरुप सहकारीमार्फत दुध र मासुमा अनुदान दिइएको प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिए । दुई हजार ५०० किसानले गाई, दुई हजार जनाले भैँसी र सात हजार ५०० ले बाख्रा पालेका उनले बताए । गत आर्थिक वर्षमा किसानलाई दूधमा प्रतिलिटर दुई रुपैयाँका दरले ४० लाख तीस हजार ६७९ रुपैयाँ र मासुमा प्रतिकिलो २० रुपैयाँ का दरले पाँच लाख ४७ हजार सात सय ८६ रुपैयाँ अनुदान दिइएको छ । एक हजार एक सय पच्चीस गाई र छ सय एक्काइस भैसीमा कृत्रिम गर्भाधान गराइएको छ ।बाख्रा स्रोत केन्द्र कार्यक्रमअन्तर्गत तीन वटा बाख्रा फार्म छनौट गरी एक लाख २५ हजारमा खोर निर्माण मर्मत गरिनुका साथै ७९ वटा सहकारी संस्थालाई वर्गीकरण गरिएको उनले बताए ।रासस

# मन्दाकिनी हाइड्रोपावरलाई ६६.४० प्रतिशत हकप्रद निष्कासनका लागि अनुमति

**काठमाडौं।**
मन्दाकिनी हाइड्रोपावर लिमिटेडले ६६.४० प्रतिशत हकप्रद शेयर निष्कासनका लागि अनुमती पाएको छ।

१२५ प्रतिशत हकप्रद शेयर निष्कासनका लागि सैद्धान्तिक सहमति माग गरेको कम्पनीलाई विद्युत नियमन आयोगले यस्तो अनुमती दिएको हो । कम्पनीको चुक्तापूँजी ६४ करोड ६७ लाख ६७ हजार १०० रुपैयाँ मध्ये कम्पनीले ४२ करोड ९४ लाख २४ हजार २५० रुपैयाँ ३० पैसा बराबरको हकप्रद शेयर निष्कासन गर्न आयोगबाट अनुमति प्राप्त गरेको हो । अब कम्पनीले नेपाल धितोपत्र बोर्डमा आवेदन प्रक्रिया अघि बढाउनेछ।

हकप्रद शेयर निष्कासनका लागि विक्री प्रबन्धकको रुपमा ग्लोबल आइएमई क्यापिटल लिमिटेडलाई नियुक्त गरेको छ। २ दशमलव ९ मेगावाट क्षमताको माथिल्लो सार्दी खोला जलविद्युत आयोजनाको निर्माणका लागि समेत लिएको कर्जा भुक्तानीका लागि कम्पनीले हकप्रद शेयर निष्कासन गर्न लागेको हो । रासस

# बान्टमवेट च्याम्पियन ढाँटलाई सरकारले पाँच लाख रुपैयाँ नगद पुरस्कार दिने

**काठमाडौं।**
म्याट्रिक्स फाइट नाइट १७ (एमएफएन १७) बान्टमवेट च्याम्पियन बनेका बझाङका रवीन्द्र ढाँटलाई सरकारले प्रोत्साहनस्वरुप पाँच लाख रुपैयाँ नगद पुरस्कारको घोषणा गरेको छ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले भारतीय प्रतिद्वन्द्वीलाई हराउँदै बान्टमवेट च्याम्पियन बनेका ढाँटलाई प्रोत्साहनस्वरुप पाँच लाख रुपैयाँ प्रदान गर्ने निर्णय गरेको हो । प्रधानमन्त्री केपी शर्मा ओलीले आज सामाजिक सञ्जाल फेसबुकबाट ढाँटका प्रशिक्षकलाई दुई लाख रुपैयाँ प्रदान गरिने निर्णय समेत गरिएको जानकारी दिएका छन्। उनले पहिलो पटक नेपाललाई उपाधि दिलाउन सफल भएकोमा ढाँटलाई बधाई समेत दिएका छन्। रासस

# ६६ वर्षअघि अन्टार्कटिक हिमनदीमा हराएका बेलायती वैज्ञानिकको अवशेष फेला

**लन्डन ।**
सन् १९५९ मा अन्टार्कटिक अभियानमा मारिएका बेलायती मौसमविद्को अवशेष ६ दशकपछि हिमनदीबाट फेला परेको छ ।



ब्रिटिश अन्टार्कटिक सर्भेले सोमबार जनाए अनुसार उनीहरूलाई डेनिस टिंक बेलको शव फेला पारेका थिए, जो अहिले डिएनए परीक्षणद्वारा पहिचान गरिएको छ ।खासमा उनको निधन हुदाँ २५ वर्षको उमेर थियो, जब उनी फकल्याण्ड टापुहरू निर्भरता सर्वेक्षणका लागि काम गरिरहेका थिए, जुन बेलायतको ध्रुवीय अनुसन्धान संस्थान ब्रिटिश अन्टार्कटिक सर्वेक्षण (बिएएस) अन्तर्गत थियो ।

सोही अनुसन्धानको क्रममा बेलको मृत्यु २६ जुलाई १९५९ मा अन्टार्कटिकाको तटबाट १ सय २० किलोमिटर टाढा रहेको किंग जर्ज टापुको एडमिरल्टी बेमा भएको थियो। उनी सो टापुमा दुई वर्षको असाइनमेन्टको लागि यूकेको सानो अनुसन्धान टोलीका एक सदस्य थिए । अनुसन्धानको क्रममा बेल र अन्य तीन जना पुरुषहरू हिमनदी चढ्न र सर्वेक्षण गर्न निस्केका थिए, जब उनी बरफको गहिरो खाडलबाट खसे र त्यस पछि उनको शव कहिल्यै पनि फेला पार्न सकिएको थिएन । अहिले उनको अवशेष अहिले फेला परेको हो, जुन घट्दै गइरहेको ग्लेशियर पग्लिए पछि पर्दाफास भएको थियो । गत जनवरी १९ मा हेन्रिक आर्कटोस्की पोलिश अन्टार्कटिक स्टेशनको टोलीले उनको शव फेला पारेको थियो।

'यस खोजले दशकौं लामो रहस्यको उदघाटन गराउँछ र हामीलाई अन्टार्कटिक विज्ञानको इतिहासमा सम्मिलित मानव कथाहरूको सम्झना गराउँछ,' बिएएस निर्देशक जेन फ्रान्सिसले भने।

त्यसपछि हड्डीका टुक्राहरूलाई बीएएस रोयल रिसर्च शिप सर डेभिड एटेनबरोद्वारा फकल्याण्ड टापुहरूमा लगियो र त्यसपछि डीएनए परीक्षणको लागि लन्डन ल्याइएको थियो। उनको अवशेषसँगै पोलिश टोलीले रेडियो उपकरण, टर्चलाइट, स्की पोल, एक कुँदिएको नाडी घडी र स्वीडिश ब्रान्ड चक्कु सहित २०० भन्दा बढी व्यक्तिगत वस्तुहरू पनि फेला पारेको थियो । सो खोज पछि हाल अष्ट्रेलियामा बस्ने बेलका भाइ डेभिड बेलले ६६ वर्षपछिको खोजले आफू र उनकी बहिनीलाई चकित बनाएको प्रतिक्रिया दिएका छन् । 'डेनिस तीन भाइबहिनीहरूमध्ये सबैभन्दा जेठो थियो र मेरो नायक थियो किनकि उसले कुनै पनि कुरामा हासिल गर्न सक्षम थियो,' उनका भाइले भने।

फ्रान्सिसले भने कि यो अवशेषहरूको पुष्टि हुनुमा 'ब्रिटिश अन्टार्कटिक सर्वेक्षणमा हामी सबैको लागि मार्मिक र गहिरो क्षण हो।'

'बेल असाधारण कठोर परिस्थितिमा अन्टार्कटिकाको प्रारम्भिक विज्ञान र अन्वेषणमा योगदान पुर्‍याउने धेरै बहादुर कर्मचारीहरू मध्ये एक थिए,' उनले भनिन, 'जो हामीले ६६ बर्ष पछि पायौं ।'एजेन्सी

# नेतान्याहु सरकारले २६२ गोहीको गोली हानेर हत्या गरेपछि पर्यावरणविद्को आपत्ति

**तेल अहिव।**
इजरायली सेनाले ओगटेको वेस्ट बैंकको अवैध बस्ती पेट्जेल नजिकैको फार्ममा २६२ गोही मारेका छन्।

साक्षीहरूलाई उद्धृत गर्दै मिडल इस्ट आईमा प्रकाशित रिपोर्ट अनुसार सेनाले 'किलिंग भ्याली' बनाएर निर्दोष गोहीहरूलाई गोली हानेको हुन । मिडिया रिपोर्टका अनुसार फार्ममा करिब ८०० गोही थिए।

समाचारका अनुसार सेनाले पहिले तालको पानी खाली गरेको थियो, त्यसपछि सयौं गोहीलाई गोली हानेर मारियो र ट्रकमा शव भरिदियो । यो फार्म कुनै समय लोकप्रिय पर्यटक गन्तव्य थियो र गोहीको छालाको व्यापार पनि यहाँबाट हुन्थ्यो । सन् २००० मा करिब ३ हजार गोही यहाँ ल्याइएको थियो।

वेस्ट बैंकमा इजरायली सेनाको प्रशासनिक एकाई रहेको सिभिल एडमिनिस्ट्रेशनले फार्मको उचित मर्मतसम्भार नभएकाले यी गोहीहरू जनताका लागि खतरा भएको बताएको छ। नाइल गोहीलाई सन् २०१३ देखि इजरायलमा संरक्षित प्रजाति घोषणा गरिएको छ। फार्म १९९० मा निर्माण गरिएको थियो र सन २००० देखी २००५ सम्मा को दोस्रो इन्फादाको समयमा पर्यटकहरूको लागि बन्द गरिएको थियो।

गत हप्ता जब सैनिकहरू गोही मार्न पुगे, उनीहरूले त्यहाँ पहिले नै मरेका गोहीहरू पनि भेट्टाएका थिए। नागरिक प्रशासनका अनुसार गोहीहरू दयनीय अवस्थामा बसेका र खाना कम भएकाले एकअर्कालाई आक्रमण गरी खान थालेको विज्ञहरूले बताएका छन्।

मिडल इस्ट आईका अनुसार फार्मका मालिक बिटानले क्षेत्र सुरक्षित गर्न अस्वीकार गरेका थिए, जसलाई सुरक्षा अधिकारीहरूले नजिकैको बस्तीमा गम्भीर खतराको रूपमा वर्णन गरेका थिए। जानकारीका अनुसार नाइल गोहीलाई सन् २०१३ मा संरक्षित प्रजाति घोषणा गर्नुअघि बिटानले पैसाको लागि गोहीलाई कुटपिटसमेत गर्थे।एजेन्सी

# फेसबुकमा आएको आकर्षक विज्ञापनको लिङ्क खोल्दै हुनुहुन्छ भने होसियार !

**काठमाडौं।**
तपाई सामाजिक सञ्जालमा आउने अनेकन आकर्षक विज्ञान देखेका भने के गर्नुहुन्छ ? हतारिएर उक्त विज्ञापनका लिङ्क खोल्नुहुन्छ वा त्यसलाई वेवास्था गर्नुहुन्छ । सूचना प्रविधिको क्षेत्रमा भएको उल्लेखनीय विकास र विस्तारसँगै त्यसका सकारात्मक र नकारात्मक दुवै पाटा मुखर भएर आएको छ।

सामाजिक सञ्जाललाई सकारात्मक रुपमा प्रयोग गर्ने कि त्यसलाई नकारात्मक बनाउने भन्ने पनि तपाई हाम्रै हातमा रहेको छ । पछिल्ला दिनमा सामाजिक सञ्जालको दुरुपयोग गर्ने प्रवृत्ति पनि उत्तिकै बढ्दै गएको छ । सामाजिक सञ्जालको दुरुपयोग गरेर ठगी गर्ने प्रवृत्ति मौलाइरहेको नेपाल प्रहरीले पछिल्लो पटक सार्वजनिक गरेको एउटा घटनाले देखाएको छ।

सो घटनाले सामाजिक सञ्जालमा आउने जुनसुकै लिङ्क खोल्न नहुने पनि सचेत गराएको छ । नेपाल प्रहरीका अनुसार पछिल्ला पटक धितोपत्र बजारको कारोबारका बारेमा जानकारी दिने नाममा ठगी गरिएको पाइएको छ।

फेसबुक, इन्टाग्राम, टिकटकलगायतका सामाजिक सञ्जालमा आकर्षक विज्ञापन देखाएर नेप्से एआई नामक एप डाउनलोड गर्न लगाई ठगी गरिएको छ। एआईमार्फत शेयर बजारको बिश्लेषण गरी बढीभन्दा बढी नाफा कमाउन सक्ने जस्ता भ्रामक सूचना प्रवाह गरी त्यस्ता एप डाउनलोड गर्न प्रेरित गर्ने र उक्त एप इन्स्टल गरे पश्चात रिमोट सेसन खोली खातामा भएको सम्पूर्ण रकम क्षणभरमा अन्यत्र ट्रान्सफर गराइएको पाइएको हो। त्यस्ता एप डाउनलोड भएपछि डिजिटल डिभाइसमा रहेको सम्पूर्ण डाटा मेटाएर प्रमाण नष्ट गरिदिने काम भइरहेको भन्ने सूचना तथा उजुरी प्राप्त भइरहेको प्रहरीले जनाएको छ। प्रहरीले भ्रामक प्रलोभनमा परी नेप्से एआईलगायतका कुनै पनि अपरिचित लिङ्क तथा एपहरु नखोल्न, डाउनलोड नगर्न समेत सर्वसाधारणमा अनुरोध गरेको छ।

प्रहरीका अनुसार, जोन डोइ (साङ्केतिक नाम)ले सामाजिक सञ्जाल फेसबुकमा देखिएको विज्ञापनबाट शेयर बजारको बिश्लेषण गर्नको निम्ति नेप्से एआई नामक एप डाउनलोड गर्छन् । उक्त एप मोबाइलमा इन्स्टल गरे लगत्तै उक्त एपमा रहेको रिमोट सेसन खल्नासाथ उनको मोबाइल स्क्रिन केही समय बन्द भएको जस्तो देखियो। सोही क्रममा निजको बिभिन्न बैंक खातामा भएको २८ लाख ६१ हजार रुपैयाँ अन्यत्र खातामा ट्रान्सफर भएको थियो। यस्तै, निजको मोबाइलमा रहेको सम्पूर्ण डाटा तथा एपहरु समेत मेटिएको थियो। नेपाल प्रहरीको साइबर ब्यूरोका अनुसार, विगतमा पनि यस्ता उजुरी प्राप्त हुने गरेको र पछिल्लो पटकको उजुरीमा ठगीको नयाँ स्वरुप देखा परेको छ।

साइबर ब्यूरोले यस्ता क्रियाकलापबाट बच्न केही सुझाव समेत दिएको छ । सामाजिक सञ्जाललाई सुरक्षित बनाउन दोहोरो सुरक्षा कोड प्रयोग गर्ने वा एसएमएसको प्रयोग गर्नु उपयुक्त हुन्छ । यस्तै, पासवर्डहरु बेला बेलामा परिवर्तन गर्नुपर्छ।

आफ्नो डिजिटल डिभाइस अपरिचित व्यक्तिलाई कुनै पनि प्रकारको जानकारी नदिने र आधिकारिक स्रोतबाट मात्र एपहरु इन्स्टल गर्नुपर्छ । त्यस्तै यस्ता घटना घटेको थाहा पाउन साथ सम्बन्धित बैंक वित्तीय संस्था, नजिकको प्रहरी कार्यालयमा खबर गर्नुहुन साइबर ब्यूरोले आग्रह गरेको छ ।रासस

# कञ्चनपुरमा ३९ वटा छाउगोठ भत्काइयो

**कञ्चनपुर।**
कञ्चनपुरमा ३९ वटा छाउगोठ भत्काइएको छ । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक सागर बोहराले बेदकोट नगरपालिका–१० मा २३ वटा र कृष्णपुर नगरपालिकामा–१ मा १६ वटा छाउगोठ भत्काइएको जानकारी दिए । 'बेदकोट र कृष्णपुर नगरपालिकाको निगाली र भेन्टी बजारमा रहेका ३९ वटा छाउगोठ भत्काइएको छ', उनले भने, 'स्थानीय प्रतिनिधि, सङ्घसंस्था, प्रहरी र स्थानीय व्यक्तिको उपस्थितिमा छाउगोठ भत्काइएको हो ।' गत असारमा कञ्चनपुरको कृष्णपुर नगरपालिका–१ स्थित निगालीकी २८ वर्षीय कमला दमाइको छाउगोठमा बसेका बेला सर्पले टोकेर मृत्यु भएपछि जिल्ला प्रशासन कार्यालय यहाँका सबै स्थानीय तहलाई छाउगोठ भत्काउन निर्देशन दिएको थियो । प्रशासनको निर्देशनपछि छाउगोठ रहेका पालिकामा स्थानीय जनप्रतिनिधि र प्रहरीले छाउगोठ भत्काउन थालेका हुन् ।यहाँको बेदकोट नगरपालिका–१० का अध्यक्ष रतनसिंह विष्टले पनि बेदकोटमा वडा ४ र १० ले २३ वटा छाउगोठ भत्काएको जानकारी दिए । 'हामीले छाउगोठ भत्काएका छौँ तर पुनः छाउगोठ बनाइहाल्छन् कि भन्ने चिन्ता छ', उनले भने, 'छाउगोठ भत्काएका परिवारलाई बोलाएर अभिमुखीकरण गर्ने तयारीमा छौँ।' उनले छाउगोठ बनाउने समुदायलाई कुरीतिका विषयमा सचेत गराउनुपर्ने जरुरी रहेको बताए।

कृष्णपुर नगरपालिका–१ का वडाध्यक्ष मोहन बस्नेतले वडामा छाउगोठ भत्काउने अभियान सञ्चालन गरेको बताए । 'आज मात्रै हामीले १६ वटा छाउगोठ भत्काएका छौँ', उनले भने, 'अहिले यहाँका नागरिक सचेत भएका छन् । पहिला जस्तो अवरोध भएको छैन।' गत वर्षदेखि नै वडाले छाउगोठ भत्काउने अभियान चलाए पनि केही स्थानीयले अवरोध गरेपछि रोकिएको थियो । असार अन्तिम साता कृष्णपुर नगरपालिका–१ निगालीमा छाउगोठमा सुतेकी कमला आउजीको सर्पदंशबाट मृत्यु भएपछि नगरपालिकाले १५ दिनभित्र छाउगोठ नभत्काए कानुनअनुसार कारबाही र १० हजार रुपैयाँ जरिवाना गर्ने चेतावनीसमेत दिएको थियो । रासस

# च्याङ्ग्रे पोखरी र पञ्चकन्या देवस्थलको संरक्षण

**भोजपुर।**
पौवादुङमा गाउँपालिकामा रहेको च्याङ्ग्रे पोखरी र पञ्चकन्या देवस्थलको संरक्षण गरिएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ७० प्रतिशत र गाउँपालिकाको ३० प्रतिशत लागत साझेदारीमा दुई करोड १३ लाख रुपैयाँ लागतमा संरक्षण गरिएको हो।

गाउँपालिकाले पोखरी तथा मन्दिर आसपासमा रहेका बस्तीलाई हटाएर पोखरीको संरक्षण गरेको जनाएको छ । जसअन्तर्गत पोखरीको घेराबारा, फूल रोप्ने टनेल, टायलसहितको फुटपाथ निर्माण गरिएको छ । पोखरी तथा पञ्चकन्या देवस्थलको विकास तथा विस्तारका लागि गाउँपालिकाले मुअब्जा दिएर यहाँका दुई वटा घर र तीन कित्ता जग्गा अधिग्रहण गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले जानकारी दिए।



यहाँ विश्रामस्थल, बालबालिका र ज्येष्ठ नागरिकका लागि पार्क निर्माण भइरहेको छ । पोखरीको बृहत्तर विकासका लागि गाउँपालिकाले विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार गरेर थप विकास तथा संरक्षण गरिरहेको गाउँपालिका अध्यक्ष किरण राईले बताए । पोखरीको मौलिकता जोगाउँदै संरक्षण गरिएको अध्यक्ष राईको भनाइ छ।

'गाउँपालिकाको पर्यटकीय क्षेत्रको विकासमा योजनाबद्ध रूपमा लागेका छौँ', अध्यक्ष राईले भने, 'यहाँका धार्मिक तथा पर्यटकीय क्षेत्रको डिपीआर बनाइसकेका छौँ। च्याङ्ग्रे पोखरी र पञ्चकन्या देवस्थलको संरक्षण गरिएको छ ।' विगतमा च्याङ्ग्रा आएर पोखरीको पानी खाने, पानी खाएर पोखरीमै दिनभर आराम गर्ने भएकाले 'च्याङ्ग्रे पोखरी' नामकरण गरिएको स्थानीय नीरबहादुर फुयालको भनाइ छ । पोखरीकै छेउको रहेको पञ्चकन्या मन्दिरमा विभिन्न समयमा भक्तजनको जमघट हुने गरेको छ । यही पोखरीको नामबाट यहाँ च्याङ्ग्रे बजारसमेत लाग्ने गरेको छ ।रासस

# केचना–कञ्चनजङ्घा सडक अवरुद्ध

**इलाम।**
केचना–कञ्चनजङ्घा सडक पहिरोका कारण पूर्ण रूपमा अवरुद्ध भएको छ । इलाम नगरपालिका–११ सोयाकस्थित घोर्लेभिरमा गए राति खसेको पहिरोले सडक अवरुद्ध भएको हो।

पहिरोले उक्त सडक अवरुद्ध भएपछि इलामको गोलाखर्क हुँदै झापा जाने सडक पनि अवरुद्ध भएको छ । सो सडक अवरुद्ध भएपछि लामो दूरीको मेची राजमार्गबाट नै सवारीसाधन सञ्चालन गर्न व्यवासायीहरु बाध्य भएका छन्।

सहायक प्रमुख जिल्ला अधिकारी भोलानाथ गुरागाईँका अनुसार नेपाल प्रहरी, सडक डिभिजन कार्यालय, निर्माण व्यवसायी, यातायात व्यवसायी र स्थानीयको सक्रियतामा पहिरो पन्छाउने क्रम जारी छ।

यसैबीच, कालीगण्डकी करिडोरअन्तर्गत बागलुङ–बलेवा खण्डको कालाखोलामा सुक्खा पहिरो खस्दा सडक अवरुद्ध भएको छ। चट्टानसहितको भीषण पहिरोले बागलुङ बजारलाई दक्षिणी क्षेत्रसँग जोड्ने बागलुङ–कुश्मीशेरा सडक पनि अवरुद्ध भएको छ।

करिडोर अवरुद्ध हुँदा बागलुङबाट गुल्मी, स्याङ्जा, पाल्पा, रुपन्देही हुँदै पश्चिम चल्ने सबै सवारीसधान चल्न सकेका छैनन् भने सोही बाटो हुँदै उत्तर मुस्ताङसम्म चल्ने सवारी साधन बाटोमा रोकिएका प्रहरीले जनाएको छ। भैरहवाबाट सामान बोकेर आएका मालबहाक ट्रक पनि कालाखोलामा रोकिएका छन्।

निरन्तर पहिरो झरिरहेकाले सडक खुलाउन कठिन भएको जिल्ला ट्राफिक प्रहरी प्रमुख गङ्गाराम विकले जानकारी दिए।रासस

# डाँडाखेत सवस्टेशनको पूर्वाधार निर्माण सकियो

**म्याग्दी।**
म्याग्दीको मालिका गाउँपालिका–७ डाँडाखेतमा विद्युत् सवस्टेशनको पूर्वाधार निर्माण सकिएको छ । नेपाल विद्युत् प्राधिकरणद्वारा सञ्चालित डाँडाखेत–राहुघाट प्रशारणलाइन आयोजनामार्फत सवस्टेशनको पूर्वाधार निर्माण सकेर उपकरण जडान थालिएको हो।



आयोजना प्रमुख रोशन अग्रवालले डाँडाखेत सवस्टेशनमा उपकरण राख्ने जग्गा र भवन तयार भएको जानकारी दिए।

'एकाउन्न रोपनीमा निर्माण भएको डाँडाखेत सवस्टेशनमा १३३/३३ केभी, ३० एमभिए क्षमता र एआइएस प्रविधिको उपकरण जडान अन्तिम चरणमा पुगेको छ,' उनले भने, 'म्याग्दी नदी र सहायक खोलामा निर्माणाधीन जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युतलाई केन्द्रीय ग्रीडमा जोड्ने उद्देश्यले सवस्टेशन निर्माण हुन लागेको हो ।' डाँडाखेतदेखि रघुगङ्गा गाउँपालिका–३ राहुघाटको अम्बाङ जोड्ने २५ किलोमिटर १३२ केभी क्षमताको प्रशारण लाइन र दुवै ठाउँमा सवस्टेशन निर्माणका लागि सन २०२१ को डिसेम्वर ३१ मा रु तीन अर्ब ५७ करोडमा लार्सन एण्ड टुब्रो लिमिटेडसँग ठेक्का सम्झौता भएको थियो । गत जुलाई १६ मा सकिएको ठेक्का सम्झौताको म्याद आगामी कात्तिक २९ गतेसम्म थप भएको छ। 'समग्रमा ७९ दशमलव १७ प्रतिशत भौतिक प्रगति भएको छ', आयोजना प्रमुख अग्रवालले भने, 'राहुघाटमा कमजोर भूबनोट र विपद्को जोखिम, वन क्षेत्रमा टावर निर्माणका लागि अनुमति पाउन भएको ढिलाइ र केही टावर निर्माणस्थलमा समुदायको विवादका कारणले आयोजना निर्माणको समय बढेको हो।'

१३२ केभी क्षमताको डबल सर्किट प्रशारण लाइनको हालसम्म ५९ वटा टावरको जग राखिएकोमा ४५ वटा टावरको काम पूरा भएको छ । चार वटाबाहेक सबै टावरमा ठेकेदारले काम थालेको छ । प्रशारणलाइन र सवस्टेशनको ८५ प्रतिशत उपकरण आयात भइसकेको छ । २२०/१३२/३३ केभी, २०० एमभिए क्षमताको उपकरण जडान हुने जिआइएस प्रविधिको राहुघाट सवस्टेशनमा उपकरण राख्ने र कार्यालयको भवन बनाउन जग्गाको फाउण्डेशन सकेर संरचना निर्माण थालिएको छ। अम्बाङमा सवस्टेशन बनाउन छ वर्षअघि ९० रोपनी जग्गा अधिग्रहण भएको थियो।

निर्माण कम्पनीले पछिल्लो पटक केही दिनअघि भारतबाट करिब एक सय जना जनशक्ति ल्याएको छ। कूल चार अर्ब ८८ करोड रुपैयाँ लागत अनुमान गरिएको आयोजना निर्माणका लागि एक अर्ब पाँच करोड रुपैयाँ विद्युत् प्राधिकरण र तीन अर्ब ८२ करोड रुपैयाँ एसियाली विकास बैंकको ऋण लगानी छ । रघुगङ्गा गाउँपालिका–३, बेनी नगरपालिकाको ९, १०, मङ्गला गाउँपालिका–१, मालिकाको वडा नम्बर ६ र ७ मा प्रशारणलाइनको टावर निर्माणस्थल हुन्। टावर रहने निजी जग्गाधनीलाई एक करोड ५० लाख रुपैयाँ मुआब्जा वितरण र वन क्षेत्र प्रयोग गरेवापत चार करोड ५० लाख रुपैयाँमा जग्गा खरिद गरेर सरकारलाई उपलब्ध गराएको छ।

म्याग्दी नदीमा १७२ दशमलव आठ मेगावाट क्षमताको चार वटा जलविद्युत् आयोजना निर्माण सुरु भएका छन् । राहुघाटमा ३५ दशमलव पाँच मेगावाटको चिमखोला–राहुघाट–मङ्गले र २१ दशमलव तीन मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाले परीक्षण उत्पादन थालेका छन्। कूल ४८ दशमलव पाँच मेगावाट क्षमताको अपर राहुघाट, ४० मेगावाट क्षमताको राहुघाट र २३ दशमलब पाँच मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा छन्। तुदी पावरले बताएको चिमखोला–राहुघाट–मङ्गले र संयुक्त ऊर्जाको ठूलोखोला जलविद्युत् आयोजनाले अस्थायी टावर बनाएर २२० केभी क्षमताको कालीगण्डकी प्रशारणलाइनमा विद्युत् आपूर्ति गराउन थालेका हुन्। रासस

# पहिरोले कालीगण्डकी करिडोर अवरुद्ध

**बागलुङ।**
राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर पुनः अवरुद्ध भएको छ । भारी वर्षाका कारण बागलुङ नगरपालिका–१३ कालाखोलामा भिषण पहिरो झर्दा करिडोर अवरुद्ध भएको छ । पाँच दिन अगाडिदेखि अवरुद्ध सडक मङ्गलबार दिउँसो सञ्चालनमा आएको थियो।

रातभर वर्षा भएपछि बुधवार बिहान ९ः०० बजे सडक माथिदेखि पहरासहितको पहिरो खस्दा करिडोर ठप्प भएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी निरीक्षक केशव थापाले जानकारी दिए। सडक अवरुद्ध हुँदा दक्षिण बागलुङसँग सीधा यातायात विच्छेद भएको छ।

अवरुद्ध सडक खुलाउनका लागि प्रयास गरे पनि अहिले पनि वर्षा भइरहेको हुँदा खुलाउन नसकेको प्रहरी निरीक्षक थापाले बताए । सडक अवरुद्ध हुँदा बागलुङदेखि बुटवल, पाल्पा, भैरहवालगायतका स्थानमा पुग्ने सवारी साधनसमेत ठप्प हुँदा यात्रु अलपत्र परेको उनको भनाइ छ।

'कालाखोला क्षेत्रमा ठूलो पहिरो खसिरहेको छ, पाँच दिन अगाडि खसेको पहिरो हिजो मात्रै खुलाएका थियौं, आज फेरि ठूलो पहिरो खसेर सडक अवरुद्ध भएको छ', प्रहरी निरीक्षक थापाले भने, 'यातायता ठप्प हुँदा यात्रुलाई समस्या भएको छ, ठूला–ठूला चट्टानसहितको पहिरो खसेका कारण सडक खुलाउन समस्या भइरहेको छ, कालीगण्डकी करिडोर आयोजनासँग सहकार्य गरेर खुलाउने छौँ।रासस

# कर्णाली सरकारले विपन्नको स्वास्थ्य उपचारार्थ यातायात खर्च दिने

**कर्णाली।**
कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले नागरिकको स्वास्थ्य समस्या समाधानमा विशेष प्राथमिकता दिएको छ। मानव स्वास्थ्य बचाउन र नागरिकलाई स्वास्थ्य जाँचका लागि अस्पतालसम्म पुग्ने तथा फर्किने क्रममा हुने आर्थिक अभाव परिपूर्ति गर्न सरकारले सहयोग गर्ने भएको हो।

सरकारले 'विपन्न तथा असहाय नागरिकका लागि स्वास्थ्य उपचार तथा यातायात खर्च' कार्यक्रम सञ्चालन गरेको छ । सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले चालु आर्थिक वर्ष २०८२/८३ मा बेसाहारा, असहाय र विपन्नलाई यातायात खर्च सुविधा उपलब्ध गराइ स्वास्थ्य सेवाको पहुँचमा अभिवृद्धि गराउने उद्देश्यले कार्यक्रम ल्याइएको बताए।

'जसको कोही छैन, उसका लागि सरकार छ भन्ने अनुभूति नागरिकलाई गराउन चाहान्छौँ', उनले भने, 'यसले विपन्न, असहाय र बेसाहारा नागरिकलाई मलमपट्टी लगाउनेछ।' मन्त्री भण्डारीका अनुसार प्रदेश अस्पताल सुर्खेतमा उपचार गर्ने क्रममा दुर्गमता र भौगोलिक विकटताका कारण आर्थिक अभावले अस्पताल आउन तथा जान समस्या परेका नागरिकलाई दूरीका आधारमा पाँच हजार रुपैयाँ देखि २० हजार रुपैयाँ सम्म यातायात सुविधा खर्च प्रदान गरिनेछ।

यद्यपि सेवाग्राहीले भने वडाको सिफारिस र अस्पतालबाट घर जान नसक्ने बिरामीको सिफारिस गरेको पत्र लिएर मन्त्रालयमा निवेदन दिनुपर्नेछ । चालु आवमा यो कार्यक्रमका लागि २५ लाख रुपैयाँ बजेट छुट्याइएको र आवश्यकताका आधारमा बजेट थप्ने जनाउँदै उनले कार्यक्रमको प्रभावकारितालाई हेरेर आगामी वर्षमा १० जिल्लाका अस्पतालबाट भुक्तानी दिने प्रबन्ध मिलाइने बताए।

मन्त्रालयका सचिवको संयोजकत्वको चार सदस्यीय समितिले स्वीकृत निर्देशिकाबमोजिम तोकिएका जिल्लाबाट आउने बिरामीको रोगभारका आधारमा रकम बाँडफाँट गरी भुक्तानीका लागि निर्णय गर्नेछ । उक्त रकम पाउनका लागि लाभग्राहीले वडाको सिफारिस, नजिकका हकवालाको बैंक खाता, मृतकको हकमा मृत्यु प्रमाणपत्र र नजिकको हकवालाको बैंक खातासहित मन्त्रालयमा निवेदन दिनुपर्ने जनाइएको छ। रासस

# सरकारको कस्टडिमा समेत व्यक्ति सुरक्षित छैनन्ः प्रभु साह



**मधेशदृष्टि**
**काठमाडौं ।**
प्रतिनिधि सभा बैठकमा बुधबार प्रतिपक्षी दल आम जनता पार्टीका सांसद प्रभु साहले सरकारको नियन्त्रणमा रहेका व्यक्तिहरू समेत सुरक्षित नभएको दाबी गर्दै कारागारभित्र भएका मृत्यु घटनाप्रति आपत्ति जनाएका छन् । साहले केही दिनअघि कैलाली कारागारमा भरत चौधरीको मृत्यु र यसअघि वीरगंज कारागारमा उपचार अभावका कारण कैदी राहुल साहको मृत्युको प्रसङ्ग उठाउँदै नेपालमा शान्ति–सुरक्षा मात्र नभई कैदीबन्दीको जीवनसम्म सुरक्षित हुन नसकेको टिप्पणी गरे । बैठकमा बोल्दै उनले भने, 'देशमा शान्ति सुरक्षा त कायम भएन, अब त कारागार पनि सुरक्षित भएनन् । सरकारको कस्टडिमा समेत व्यक्ति सुरक्षित नहुने भयो । नेपालमा अहिले नेताको लुट र भ्रष्टाचार मात्र सुरक्षित छ ।' उनका अनुसार वीरगंज कारागारमा कैदी राहुल साहको मृत्यु समयमै उपचार नपाएकै कारण भएको हो । 'माथिको आदेशको अभावमा अस्पतालमा भर्ना गराउन सक्ने अवस्था हुँदाहुँदै पनि उनी मृत्युवरण गर्नुपर्यो,'' साहले आरोप लगाए । त्यस्तै, कैलाली कारागारमा कैदी भरत चौधरीको मृत्यु 'लज्जास्पद घटना' भएको उनले बताए । 'कैलाली कारागारमा एउटा कैदीको हत्या हुन्छ भने यसको जिम्मा कसले लिने ? दोषी कैदी हो कि सरकारको बेथिति हो?' उनले प्रश्न गरे ।

साहले कारागारभित्र कैदीको मृत्यु सामान्य घटना नभएको स्पष्ट पार्दै यसका लागि सम्बन्धित मन्त्रालय र मन्त्रीले प्रत्यक्ष जिम्मेवारी लिनुपर्ने माग गरे । 'सरकारको कस्टडिमा व्यक्ति सुरक्षित नहुनु कुनै हालतमा सामान्य कुरा होइन । यसमा छानबिन गरेर दोषी जो कोही भए पनि कारबाही गर्नुपर्छ,' उनले भने ।

# अन्तर्राष्ट्रिय युवा दिवसमा पाँच व्यक्ति सम्मानित



**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरी युथ नेपालले अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा पत्रकारिता, प्रशासन, गायन, खेलकुद र व्यवसायिक क्षेत्रमा उल्लेखनीय योगदान पुर्याउने पाँच व्यक्तित्वलाई सम्मान गरेको छ । पाँचौं जिल्ला युवा सम्मेलनमा मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरे । पत्रकारिता क्षेत्रमा डेढ दशकदेखि सक्रिय कान्तिपुर संवाददाता विद्यानन्द रामलाई 'अतुलनीय योगदान' को मान्यता स्वरूप सम्मान गरिएको हो । उनी विगत १५ वर्षदेखि जिल्लामा पत्रकारिताको माध्यमबाट सामाजिक चेतना र सूचनाको पहुँच बढाउने कार्यमा सक्रिय छन् । प्रशासनतर्फ प्रमुख जिल्ला अधिकारी भोला दाहाल, गायनतर्फ सन्नु कुमार, खेलकुदतर्फ महिला क्रिकेटर साक्षी यादव र व्यवसायतर्फ जयकुमार सोनीलाई पनि आ–आफ्नो क्षेत्रमा प्रशंसनीय योगदानको कदर गर्दै सम्मान गरिएको छ । कार्यक्रममा नेकपा एमालेका पोलिटब्युरो सदस्य सुमनराज प्याकुरेल, तिरहुत गाउँपालिकाका अध्यक्ष विजय यादव, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादव, युवा नेता सत्येन्द्र यादव लगायतले युवाको भूमिकाबारे शुभकामना मन्तव्य व्यक्त गरे ।

सप्तरी युथ नेपालका अध्यक्ष श्रवणकुमार देवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष मोहन यादवले स्वागत मन्तव्य र वरदान श्रेष्ठले कार्यक्रम सञ्चालन गरेका थिए ।

# शिक्षा विधेयकका प्रावधानविरुद्ध देशव्यापी आन्दोलन घोषणा

**मधेशदृष्टि**
**काठमाडौं ।**
प्रस्तावित शिक्षा विधेयकका केही प्रावधानलाई निजी विद्यालयहरूको अस्तित्व र अधिकारविरुद्धको कदम भन्दै निजी तथा आवासीय विद्यालय अर्गानाइजेशन नेपाल (प्याब्सन) ले देशव्यापी आन्दोलनको कार्यक्रम घोषणा गरेको छ । साउन २७ गते केन्द्रीय कार्यालयमा बसेको संयुक्त बैठकले स्थानीय, जिल्ला र प्रदेशस्तरीय समितिमार्फत चरणबद्ध कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको हो । प्याब्सनका अनुसार साउन २९ गते बिहीबार पत्रकारहरूको उपस्थितिमा अध्यक्ष र पालिका शिक्षा शाखा प्रमुखलाई ज्ञापन पत्र बुझाउने कार्यक्रम छ । त्यसपछि साउन ३० गते जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई र जिल्ला समन्वय कार्यालयमा ज्ञापन पत्र बुझाइनेछ । भदौ १ गते मुख्यमन्त्री र सामाजिक विकास मन्त्रालयमा ज्ञापन पत्र बुझाइनेछ भने भदौ २ गते आफ्ना निर्वाचन क्षेत्रका संघीय सांसदहरूलाई ज्ञापन पत्र बुझाइने र साँझ राष्ट्रिय परिषद्को जुम बैठकमार्फत सुझाव सङ्कलन गरिनेछ । भदौ ३ देखि ५ गतेसम्म पालिका, जिल्ला र प्रदेशस्तरीय समितिहरूले आन्दोलन तयारी बैठक सञ्चालन गर्ने र भदौ ६ तथा ७ गते केन्द्र र प्रदेश स्तरमा सरोकारवालासँग अन्तरक्रिया गरी कार्यक्रमलाई अन्तिम रूप दिने तयारी छ । प्याब्सन महासचिव आरबी कटवालका अनुसार तोकिएको समयसीमाभित्र आन्दोलन, सचेतना, ज्ञापन पत्र बुझाउने, अन्तरक्रिया र छलफलबाट समाधान ननिस्किए विद्यालय बन्दसम्मका कठोर कदम चाल्न सकिने चेतावनी दिइएको छ । प्याब्सनले शिक्षा विधेयकमा समावेश 'निजी विद्यालयलाई क्रमशः गैरनाफामूलक बनाइने' भन्ने वाक्यांश पूर्ण रूपमा हटाउन माग गरेको छ । साथै, 'पूर्ण छात्रवृत्ति' भन्ने शब्द हटाएर हाल अभ्यासमा रहेको जम्मा विद्यार्थी संख्याको १० प्रतिशत छात्रवृत्ति दिने प्रावधानलाई निरन्तरता दिनुपर्ने अडान लिएको छ । छात्रवृत्ति अन्तर्गत भर्ना शुल्क, वार्षिक शुल्क र मासिक पढाइ शुल्क कायम गर्नुपर्ने, विद्यालयको आर्थिक स्थायित्व सुनिश्चित हुने गरी नीति बनाउनुपर्ने माग पनि प्याब्सनले अघि सारेको छ । संसदीय शिक्षा समितिबाट साउन २२ गते पारित भएको प्रतिवेदनमा समावेश गैरनाफामूलक प्रावधान र पूर्ण छात्रवृत्ति व्यवस्था नै आन्दोलनको मुख्य कारण भएको प्याब्सनले स्पष्ट पारेको छ । संगठनले सबै तहका समितिलाई आवश्यक तयारी गर्न निर्देशन दिँदै आन्दोलनका कार्यक्रमलाई सफल बनाउन एकजुट हुन आह्वान गरेको छ ।

# पर्यो पानी, रमाए किसान

**वीरगंज ।**
पर्सामा सुक्खाग्रस्त भएर सङ्कट भोगिरहेका कृषकले मङ्गलबारदेखि परेको पानीले राहत महसुस गरेका छन् । लामो समयदेखि खडेरीले धाँजा फाटेका खेतहरूमा पनि पानी सङ्कलन हुन थालेका छन् । वीरगंज महानगर–२६ का कृषक रामजीवन साहले अकाशेपानी पर्न थालेसँगै धानको रोपो पनि हरियाली हुन थालेको बताए । 'पर्साको बजार क्षेत्रमा यसअघि खासै ठूलो पानी पर्न सकिरहेको थिएन', उनले भने, 'मङ्गलबार दिउँसो र बुधबार बिहान पानी परेसँगै कृषकहरु धेरै हदसम्म भए पनि राहतको महसुस गरेका छन् ।' उनले अकाशेपानी पर्न थालेसँगै धाँजा फाटेका रोपोमा पनि विस्तारै हरियाली हुन थालेको बताए । मौसम फिल्ड कार्यालय सिमराका सहायक मौसमविद् लक्ष्मण कँडेलले मङ्गलबार बिहान ८ः४५ बजेदेखि बुधबार बिहान ८ः४५ बजेसम्म वीरगंज बजार क्षेत्रमा ४१ मिलिमिटर वर्षा भएको जानकारी दिए । 'मंगलबार र बुधबार बिहान वीरगंजको बजार क्षेत्रमा मध्यम खालको वर्षा भएको छ', उनले भने, 'बजार क्षेत्रमा जस्तो ग्रामीण क्षेत्रमा भने त्यति धेरै पानी परेको छैन ।' उनले मधेश प्रदेशका अझै तीन दिनसम्म वर्षा हुने पूर्वानुमान रहेको बताए । यद्यपि बारामा नौ दशमलव दुई मिलिमिटर वर्षा भएको छ । रासस

# 'मधेशमा नेपाली काँग्रेस' विषयक अन्तरसंवाद



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पूर्वप्रधानमन्त्री एवम् नेपाली काँग्रेसका पूर्वसभापति स्व. सुशील कोइरालाको ८६औँ जन्मजयन्तीका अवसरमा सामाजिक लोकतन्त्र अध्ययन केन्द्रले जनकपुरधाममा 'मधेशमा नेपाली काँग्रेस' विषयक अन्तरसंवाद कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रमका वक्ताहरूले स्व. कोइरालालाई सादगीपूर्ण जीवन, उच्च विचार र जनताको पक्षमा अडिग नेताका रूपमा स्मरण गर्दै संविधान सभाबाट संविधान जारी गर्न उनले खेलेको भूमिकालाई ऐतिहासिक बताएका छन् । नेपाली काँग्रेसका नेता एवम् पूर्वमन्त्री सुरेन्द्र चौधरीले कोइरालालाई सुशासन र विधिको शासनमा दृढ विश्वास राख्ने तथा मुलुकलाई गणतान्त्रिक संविधान दिने नेतृत्वकर्ता भएको उल्लेख गरे । सामाजिक लोकतन्त्र अध्ययन केन्द्रका अध्यक्ष एवम् केन्द्रीय सदस्य मधु आचार्यले उनको दृढता र सदाचार जीवनशैली पार्टी नेतृत्वका लागि प्रेरणादायी रहेको बताइन् । अर्का केन्द्रीय सदस्य अजय बाबु शिवाकोटीले कोइरालाको विचार र दृढता पार्टीका लागि मार्गदर्शन बनेको बताए । कार्यक्रममा केन्द्रीय सदस्य मुक्ता कुमारी यादव, सुरुङ्गा नगरपालिकाकी नगर प्रमुख गीता चौधरीलगायतका वक्ताले स्व. कोइरालाको व्यक्तित्व र योगदानबारे धारणा राखे । अन्तरसंवादमा सप्तरीदेखि पर्सासम्मका विभिन्न तहका अगुवा नेताहरूको सहभागिता थियो ।

# प्रहरीको गोली लागेर लागुऔषध कारोबारी घाइते

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषामा लागुऔषध कारोबारको आरोपमा पक्राउ परेका दुई जनामध्ये एक पुरुष दुई पटक कारागार बसेको व्यक्ति रहेको खुलेको छ । लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वरको टोलीले बुधबार दिउँसो धनुषाको मिथिला नगरपालिका–२ नक्टाझिजबाट ४८ वर्षीय पप्पु साह र २७ वर्षीया सेलोदेवी रामलाई नियन्त्रणमा लिएको हो । प्रहरीका अनुसार नियन्त्रणमा लिने क्रममा भाग्न खोजेपछि टोलीले एक राउण्ड हवाई फायर र एक राउण्ड गोली प्रहार गरिएको थियो । पप्पुको दाहिने खुट्टामा गोली लागेको थियो । उनलाई उपचारका लागि नजिकैको अस्पताल पठाइएको छ । ब्युरोका एसएसपी कृष्ण कोइरालाका अनुसार पप्पु यसअघि दुई पटक कारागार बसेको व्यक्ति हुन् । पहिलो पटक २०६१ सालमा लागुऔषधको कसुरमा पाँच वर्ष कारागार बसेका थिए भने दोस्रो पटक २०७९ सालमा पक्राउ परेर २ वर्ष कैद बसेर करिब ९ महिनाअघि मात्र छुटेका थिए । पक्राउ परेका दुवै जनाले लागुऔषध कारोबारमा संलग्न रहेको प्रहरीको अनुसन्धानले देखाएको छ ।

पक्राउ परेका व्यक्तिहरूको साथबाट पप्पुको १०८ ग्राम र सेलोदेवीको १०० ग्राम खैरो हेरोइन र तौलने डिजिटल तराजु बरामद गरिएको छ ।

ब्युरोका इन्स्पेक्टर राकेश यादव र वरिष्ठ सई बालकक्रृष्ण सन्जेलको नेतृत्वमा खटिएको टोलीले पक्राउ परेका व्यक्तिहरूलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय धनुषामा राखेको छ ।

# फतुवा विजयपुर–३ को वडा कार्यालय सार्न माग



**आरके श्रीवास्तव**
**रौतहट ।**
रौतहटको फतुवा विजयपुर नगरपालिका–३ का स्थानीयहरूले हाल भाडामा सञ्चालनमा रहेको वडा कार्यालयलाई गाउँमै रहेको आबि मेवाको पुरानो भवनमा सार्न माग गरेका छन् । वडामा आयोजित भेटघाट कार्यक्रममा कार्यवाहक नगरप्रमुख अम्बेया खातुनसमक्ष उनीहरूले औपचारिक रूपमा यो माग अघि सारेका हुन् ।

वडा सदस्य नन्दु बैठाको नेतृत्वमा उपस्थित स्थानीयहरूले उक्त भवन हाल खाली रहेको र सार्वजनिक सम्पत्तिको सदुपयोग हुने भन्दै वडा कार्यालय त्यहीँ सार्न प्रस्ताव गरेका थिए । कार्यवाहक नगरप्रमुख खातुनले उक्त मागलाई गम्भीरतापूर्वक लिने बताउँदै यस विषयमा वडा अध्यक्ष रामइश्वर यादवसँग छलफल गर्ने आश्वासन दिइन् ।

साथै, यो विषय कार्यपालिका बोर्डको बैठकमा पनि पेस गरिने जानकारी दिइन् । उनले स्वास्थ्य सेवा पहुँचमा ल्याउनका लागि आधारभूत स्वास्थ्य सेवा केन्द्रको व्यवस्थापन गर्ने प्रतिबद्धता पनि जनाइन् । कार्यक्रममा प्रदेश सांसद प्रत्यासी मो. सिराज पनि सहभागी थिए । उनले जनताको मागप्रति आफूहरू संवेदनशील रहेको धारणा राखेका थिए । यसैबीच वडा अध्यक्ष रामइश्वर यादवले प्रतिक्रिया दिँदै भवन स्थान सुरक्षित भएमा आफू कार्यालय सार्न तयार रहेको बताए ।

तर, पुरानो विद्यालय भवन प्रयोग गर्नुअघि त्यसलाई आवश्यक रूपमा व्यवस्थित गर्नुपर्नेमा उनले जोड दिए । उनले वडामा रहेको ऐलानी जग्गामा नयाँ वडा कार्यालयको निर्माणका लागि यस वर्ष नै बजेट छुट्याउने तयारीमा रहेको जानकारी दिए । 'वडा कार्यालय जसरी पनि आफ्नै भवनमा लैजाने योजना छ,' यादवले भने ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन